# नेपालमा सूर्तीजन्य पदार्थको सेवनको प्रभाव:

## सूर्तीजन्य पदार्थको प्रकोपले आकासिएको स्वास्थ्य उपचार खर्च र सूर्तीजन्य पदार्थ सेवनकर्ता र उनका परिवारमा पारेको असर





**माघ २०७८**


प्रकाशकहरू:

नेपाल विकास अनुसन्धान प्रतिष्ठान
Nepal Development Research Institute
NDRI

CANCER RESEARCH UK

Nepal Cancer Relief Society
NCRS
नेपाल अर्बुद रोग निवारण संस्था

# अध्ययन र प्रतिवेदन तयारीमा सहभागीहरूको नामावली


## नेपाल विकास अनुसन्धान प्रतिष्ठान

**संगिता शाक्य**
अनुसन्धानकर्ता
इमेलः sangita@ndri.org.np

**इनिसा श्रेष्ठ**
अनुसन्धानकर्ता
इमेलः inisa@ndri.org.np

## नेपाल अबुर्द रोग निवारण संस्था

**मिजला शाक्य**
संचार तथा कार्यक्रम अधिकारी
इमेलः poncrs@outlook.com

**आन्नदराम रेग्मी**
प्रमुख कार्यकारी अधिकृत
इमेलः arregmi@gmail.com

**कल्पना सिजाखु**
नर्स
भक्तपुर क्यान्सर अस्पताल


**अस्वीकरणः** यस मामिला अध्ययनमा प्रयोग भएका फोटोहरु अन्य श्रोतहरूबाट लिइएको हो । यी क्यान्सर बिरामीका वास्तविक फोटो होइनन् ।

# विषय सूची


| विषय सामग्री | पृष्ठ संख्या |
|---|---|
| अध्ययन र प्रतिवेदन तयारीमा सहभागीहरूको नामावली | i |
| विषय सूची | ii |
| प्राक्कथन | iii |
| कृतज्ञता | iv |
| कार्यकारी समीक्षा | १ |
| पृष्ठभूमि र प्रसङ्ग | ५ |
| सूर्तीजन्य पदार्थको सेवनले लाग्ने रोगको स्वास्थ्य उपचारमा लाग्ने खर्च | ६ |
| सूर्तीजन्य पदार्थको सेवनले हुने व्यक्तिगत असरहरु | ८ |
| बिरामी र उनका परिवारमा हुने आर्थिक असर | ८ |
| गैर वित्तिय असरहरु | ९ |
| **मामिला अध्ययनहरूः** कसरी सूर्तीजन्य पदार्थ सेवनले हुने क्यान्सरले नेपालमा सूर्तीजन्य पदार्थ सेवनकर्ताको जीवनमा प्रभाव पारेको छ | १० |
| मामिला अध्ययन १ः किशोर मानन्धर (४५), मुखको क्यान्सर | ११ |
| मामिला अध्ययन २ः नारायण थारू (४९), श्वासप्रश्वासको नलीको क्यान्सर | १२ |
| मामिला अध्ययन ३ः ललित बलामी (५२), फोक्सोको क्यान्सर | १४ |
| मामिला अध्ययन ४ः चन्द्र न्यौपाने (७९), फोक्सोको क्यान्सर | १५ |
| मामिला अध्ययन ५ः दिवस थापा (४६), मुखको क्यान्सर | १७ |
| मामिला अध्ययन ६ः शैलेश ताम्राकार (६३), फोक्सोको क्यान्सर | १८ |
| मामिला अध्ययन ७ः राजन देवकोटा (६४), घाँटीको क्यान्सर | २० |
| निचोड | २२ |


# प्राक्कथन

सूर्तीजन्य पदार्थको प्रयोग जन–स्वास्थ्यको लागि विश्वव्यापी समस्या बनेको छ । यसले निम्त्याउने विभिन्न स्वास्थ्य समस्या जो सुकैलाई पनि बोझ हुन्छ भने यसले आर्थिक अवस्थामा पार्ने असर पनि निकै विनाशकारी छ । नेपालमा वार्षिक २७,१०० मानिसको मृत्युको मुख्य कारण नै सूर्तीजन्य पदार्थको प्रयोग बनेको छ । यसका कारण विभिन्न प्रकारका नसर्ने रोगहरु जस्तैस मुटु सम्बन्धी रोगहरु, फोक्सोको रोग, श्वासप्रश्वास सम्बन्धी रोगका साथै क्यान्सर जस्ता घातक रोग पनि लाग्न सक्छ । यी रोगहरूले बिरामीको स्वास्थ्यमा मात्र असर गर्ने नभई बिरामीको ख्याल राख्ने व्यक्ति लगायत परि वारका सदस्यमा पनि आर्थिक, मानसिक, मनोवैज्ञानिक र सामाजिक असर गर्दछ ।  त्यसमाथि पनि मुटु सम्बन्धी रोग लागेका र क्यान्सर भएका बिरामीमा पर्ने आर्थिक, मानसिक, मनोवैज्ञानिक र सामाजिक असरले व्यक्ति, परिवार र सिङ्गै समाजलाई नै हानी गर्दछ ।

त्यसैले हामीले सूर्तीजन्य पदार्थको प्रयोगका कारण व्यक्तिगत र राष्ट्रव्यापी हुने आर्थिक भारको गहनतालाई बुझ्न र यसले गने ि असरको मूल्याङ्कन गर्दै यसको प्रयोगदरलाई नियन्त्रण गर्न अति जरूरी देखिन्छ। त्यसमाथि पनि कोभिडको यो आपत्कालीन अवस्थाले नसर्ने रोग लागेका र फोक्सोमा खराबी भएका सूर्तीजन्य पदार्थको प्रयोगकर्तामा गम्भीर असर पारेको देखिन्छ ।

नेपाल विकास अनुसन्धान प्रतिष्ठानले नेपाल अबुर्द रोग निवारण केन्द्रसँगको सहकार्यमा तयार पारेको यो प्रतिवेदनमा सूर्तीजन्य पदार्थका कारण लाग्ने रोग, विशेष गरी क्यान्सर, ले व्यक्ति र उनका परिवारमा पार्ने असरलाई नियाल्ने जमर्को गरेको छ । यस प्रतिवेदनमा क्यान्सरका बिरामीहरूसँग गरिएको मामिला अध्ययन समेटिएको छ । सूर्तीजन्य पदार्थको से वनले क्यान्सर भएका बिरामीहरु र उनका परिवारलाई पारेको आर्थिक, सामाजिक, तथा मनोवैज्ञानिक असर यसमा प्रस्तुत गरि एको छ। कोभिडको आपत्कालीन समयमा बिरामीहरूले भोगेका कठिनाइहरु पनि यसमा दर्शाइएको छ ।

हामी तपाइहरु सामु यो दस्ताबेज प्रस्तुत गर्न पाउँदा निकै हर्षित छौँ । यस अध्ययनका नतिजाहरूले नीतिनिर्माताहरूलाई वर्तमान समयमा सूर्तीजन्य पदार्थले बिरामी र उनका परिवारमा पारेको असरको स्थितिबारे जानकार बनाउँछ भन्ने कुरामा हामी आशावादी छौँ । अध्ययनका नतिजाहरूलाई मनन् गरी नीतिनिर्माताहरूलाई समयमा नै सूर्तीजन्य पदार्थको प्रयोगदर न्यूनीकरणका लागि उचित निर्णय लिन निकै मद्दत हुने कुरामा हामी विश्वस्त छौँ । त्यसका साथसाथै क्यान्सरका बिरामीहरूको कथाले वर्तमानका सूर्तीजन्य पदार्थ सेवनकर्तालाई सचेत बनाउँदै त्याग्न प्रेरित गर्ने र अरूलाई पनि प्रयोग गर्न निरूत्साहित गर्नेछ भन्ने ठानेका छौँ । हामी नेपाल विकास अनुसन्धान प्रतिष्ठान र नेपाल अबुर्द रोग निवारण समाज दुबै संस्था नेपाल सरकारलाई सूर्तीजन्य पदार्थमा कर वृद्धि गरी ती वस्तुको प्रयोग घटाउन आग्रह पनि गर्दछौँ ।



डा. जय कुमार गुरूङ  
कार्यकारी निर्देशक  
नेपाल विकास अनुसन्धान प्रतिष्ठान  
माघ २०७७

# कृतज्ञता

नेपाल विकास अनुसन्धान प्रतिष्ठान नेपालमा सूर्तीजन्य पदार्थको असरको अध्ययन र यस प्रतिवेदन तयार पार्न विशेष सहयोग पुर्याउनु हुने नेपाल अबुर्द रोग निवारण समाजका सदस्यप्रति धन्यवाद व्यक्त गर्न चाहन्छौँ । अध्ययनका क्रममा सहजिकरणका साथै अध्ययनमा योगदान पुर्याउनु हुने नेपाल अबुर्द रोग निवारण संस्थाका कार्यकारी र संचार अधिकृत श्री मिजला शाक्य, महासचिव श्री बिमलकुमार होडा, कार्यकारी अधिकृत श्री आन्नदराम रेग्मी र भक्तपुर क्यान्सर अस्पतालमा कार्यरत कल्पना सिजाखुको कार्य प्रशंसनीय छ । सहभागी सबै क्यान्सरका बिरामी र क्यान्सर जितेकाहरूको समय, सहयोग र सहकार्य यस अध्ययनमा अमूल्य छ । भक्तपुर क्यान्सर अस्पताल र पाटन अस्पतालप्रति पनि हामी निकै आभारी छौँ ।

यस अध्ययनको खाका र योजना परिकल्पना र कार्यान्वयनका साथै प्रतिवेदन लेख्न सहयोग गर्ने किभु इन्टर्नेस्नलका श्री बेकी ह्याच, श्री स्याली ब्रून्टन, र विलियम क्लेम्परर् प्रति हामी कृतज्ञता व्यक्त गर्दछौँ ।

त्यसैगरी यस अध्ययनमा संलग्न नेपाल विकास अनुसन्धान प्रतिष्ठानका डा. जय कुमार गुरूङको मार्ग निर्देशनको पनि प्रशंसा गर्दछौँ । साथै अध्ययनको सुरूवातदेखि सफल समापनसम्म रही यस प्रतिवेदनलाई पूर्णता दिने अनुसन्धानकर्ता द्वय श्री संगीता शाक्य र श्री इनिसा श्रेष्ठको अथक कार्य सराहनीय छ । यस प्रकाशनका लागि डा. रूजु शर्मा न्यौपानेले अध्ययनमा गर्नु भएको सहयोगका लागि पनि धन्यवाद ज्ञापन गर्दछौँ ।

# कार्यकारी समीक्षा

## पृष्ठभूमि

सूर्तीजन्य पदार्थले नेपालमा वार्षिक २७,००० भन्दा बढी जनाको ज्यान गुम्ने गरेको छ। क्यान्सरबाट हुने मृत्यु विभिन्न कारणले हुन्छ, तीमध्येको सूर्तीजन्य पदार्थको प्रयोगले मृत्यु हुने जोखिम एक महत्वपूर्ण कारक हो। तथापि यसलाई सजिलै रोक्न पनि सकिन्छ । सूर्तीजन्य पदार्थको प्रयोगले क्यान्सर लागी मृत्यु हुने जोखिमका बारेमा अवगत हुँदा हुँदै पनि नेपाल विकास अनुसन्धान प्रतिष्ठानले सन् २०२० सालमा सम्पन्न गरेको राष्ट्रव्यापी सर्वेक्षणले एक तिहाइ नेपाली अर्थात् आधा नेपाली पुरूष जनसंख्याले धूम्रपान र धुँवा रहित सूर्तीजन्य पदार्थ सेवन गर्दछन् भन्ने देखाएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको अनुमान अनुसार नेपालीहरूले धूम्रपान गर्ने प्रतिशत औसतमा दक्षिण एसियाली क्षेत्रमा व्याप्त भन्दा दोब्बर रहेको छ । दक्षिण एसियाली राष्ट्रहरूमा नेपाल भन्दा धेरै प्रतिशत धूम्रपान भने बङ्लादेशमा हुने गरेको छ । यस दस्ताबेजमा विभिन्न प्रतिवेदनको समीक्षा गरिएको छ भने मामिला अध्ययन मार्फत क्यान्सरका बिरामीले भोगेका विनाशकारी आर्थिक असर र स्वास्थ्य सम्बन्धी पिडादायी अनुभवलाई प्रकाश पारिएको छ। यस दस्ताबेजले सूर्तीजन्य पदार्थको प्रयोगका कारण नेपाली अर्थतन्त्रमा हुने प्रत्यक्ष र अप्रत्यक्ष लागतको मात्र हिसाब गरेको छैन, एक व्यक्ति र उनको परिवारमा पारेको असरलाई पनि दर्शाएको छ ।

## सूर्तीजन्य पदार्थको देशव्यापी असर

विश्व स्वास्थ्य सङ्गठनको अनुमान अनुसार विश्वभरि धूम्रपानका कारण स्वास्थ्य उपचारमा लाग्ने प्रत्यक्ष खर्च र बिरामी भई आम्दानीमा हुने नोक्सानी जस्ता प्रत्यक्ष र अप्रत्यक्ष कुल लागत खर्च १.४ ट्रिलियन अमेरिकी डलर हुन्छ जुन विश्वको कुल ग्राहस्थ उत्पादनको १.८% हुने गर्दछ । नेपालमा पनि धूम्रपानको व्यापकता प्रचुर भएकाले नेबिअप्रको अनुमान अनुसार सन् २०२० मा यहाँ पनि कुल ग्राहस्थको १.५% अर्थात्  ३९.२५ बिलियन नेपाली रूपैयाँ (३३४ बिलियन अमेरिकी डलर) बराबरको आर्थिक क्षति हुनु आश्चर्यको कुरा होइन । त्यसमाथि पनि यो खर्च वास्तविक खर्चभन्दा कम नै छ किनकि यो अनुमान हिसाब गर्दा धुँवा रहित सूर्तीजन्य पदार्थको प्रयोगको लागत र स्वास्थ्य खर्च बाहेक अन्यत्रमा हुने खर्चहरु जस्तै यात्रा गर्दा हुने खर्च, बिरामीको उपचारमा खर्चिएको समयको मूल्य आदि जोडिएको छैन ।

## व्यक्तिगत तहमा हुने आर्थिक लागत

धूम्रपानको लागत पैसामा र कुल ग्राहस्थको प्रतिशतमा मात्र मापन गर्दा उचित नहोला। सूर्तीजन्य पदार्थले व्यक्ति र उनको परिवारको जीविकोपार्जनमा निकै असर गर्दछ । नेपालमा ४८ देखि ६९ प्रतिशत स्वास्थ्य उपचार खर्च प्राय बिरामी आफैले बेहोर्नु पर्दछ । क्यान्सरका बिरामी र मुटुरोगका बिरामीको सन्दर्भमा भने औषधि उपचार खर्चका लागि गरिब विपन्न वर्गका बिरामीलाई नेपाल सरकारले विपन्न नागरिक कोषबाट एक लाख रूपैयाँ नगदको सहयोग प्रदान गर्दछ ।

भक्तपुर क्यान्सर अस्पतालमा उपचाररत २९४ क्यान्सरका बिरामीहरूसँग गरिएको एक अध्ययन अनुसार औसतमा क्यान्सरको उपचारमा तीन लाख अठासी हजार रूपैयाँ खर्च हुने देखिएको छ । यो खर्चलाई ध्यानमा राख्दा नेपाल सरकारले प्रदान गर्ने आर्थिक सहयोग निकै कम देखिन्छ । किनकि यो खर्च नेपालीहरूको औसत वार्षिक आम्दानी ७८ हजार ९०० को तुलनामा पाँच गुणा बढी हुन्छ र सरकारले प्रदान गर्ने सहयोगभन्दा चार गुणा बढी देखिन्छ । त्यसैकारण भक्तपुर क्यान्सर अस्पतालमा गरिएको सर्वेक्षणमा ८६% ले आर्थिक कठिनाइ भोगेका थिए भने ८६% मध्येमा ७८% ले उपचार खर्च जुटाउन ऋण लिएका थिए जसमा ४८% आफूसँग भएको सम्पत्ति बेच्न बाध्य भएका थिए ।

त्यस्तै अर्को एक अध्ययन सूर्तीजन्य पदार्थको कारण क्यान्सर भएका १०३ जना बिरामीसँग गरिएको थियो । उक्त अध्ययनका अनुसार सन् २०१९ सालमा कुनै क्यान्सरको बिरामीको उपचारमा एक परिवारले नौ लाख ८१ हजार तीन सय सत्तरी रूपैयाँ खर्च गर्ने देखिएको छ । उक्त खर्चको ७३% खर्च प्रत्यक्ष स्वास्थ्य खर्चमा हुने गर्दछ भने बाँकी २७% खर्च भने बिमारीका कारण काममा जान नसकी आम्दानीमा हुने क्षतिका कारण हुने गर्दछ। उक्त अध्ययनमा १४% बिरामीहरूले उपचार खर्च आफैले जुटाएका थिए भने १६% बिरामीले भने आफ्नो घर-जग्गा बेचेका थिए । २७% ले अरु आफन्तबाट पैसा उधारो लिएर उपचार खर्च जुटाएका थिए ।

त्यसैगरी सन् २०१९ मै ९७ जना मुटुरोगका बिरामीहरूसँग गरिएको अर्को अध्ययनमा पनि उनीहरूको उपचारमा एक परिवारले

सात लाख एकानब्बे हजार रूपैयाँ खर्च गर्ने देखिएको थियो । उक्त खर्चको ७२५ जति प्रत्यक्ष स्वास्थ्य उपचारमा हुने देखिएको थियो भने बाँकी खर्च चाहिँ अप्रत्यक्ष रूपमा बिमारीका कारण काममा जान नसकी आम्दानीमा हुने क्षतिका कारण भएको थियो ।

## व्यक्तिगत असरहरु सामाजिक लागतहरु

सूर्तीजन्य पदार्थका कारण हुने बिमारीले बिरामी र उनको परिवारमा तनाव, चिन्ता, उदासीनता थप्ने र लाञ्छना लगाउने जस्ता व्यवहार बढ्ने जस्ता गैर आर्थिक असर गर्दछ। सूर्तीजन्य पदार्थका कारण बिरामी भएका रोगीहरूले दीर्घकालीन समयसम्म पनि समाजमा अपहेलना, लाञ्छना, र हीनताबोधको महसुस गर्दछन् जसले बिरामीको व्यक्तिगत र सामाजिक जीवन दुबैलाई नोक्सानी पुर्याउनुका साथै आर्थिक स्थितिलाई पनि असर गर्दछ ।

क्यान्सरका बिरामी र क्यान्सरको उपचाररत बिरामीहरु दुर्बलताका कारण आफ्नो पेशामा संलग्न हुन सक्दैनन् । त्यसैले शारीरिक रूपमा अशक्त र दुर्बल क्यान्सर र मुटुरोगका बिरामीहरु निराश र चिन्तित हुनुका साथै मानसिक रोगको जोखिममा हुन्छन् । दीर्घकालीन रोग भएका बिरामीको आत्मविश्वास र आत्मबल कम हुने पाइएको छ भने उपचारका क्रममा हुने अनवरत तनावका कारण उनीहरु मनोवैज्ञानिक रूपमा जोखिमपूर्ण स्थितिमा नै रहने देखिएको छ ।

मानसिक र मनोवैज्ञानिक तनाव नेपालका विपन्न वर्गका बिरामीमा अझै प्रगाढ देखिन्छ । उनीहरु विभिन्न लाञ्छना सहितका जोखिमपूर्ण सामाजिक वातावरणमा पीडित भएको पाइएको छ । सूर्तीजन्य पदार्थका कारण भएका रोगको उपचारमा हुने बृहत् खर्चका कारण परिवारको जीवनका विभिन्न आयामलाई असर गर्दछ र फलस्वरूप विपन्न परिवारका अर्को पिढीका बालबच्चामा पनि नकारात्मक असर सर्दछ । उपचारका लागि लिइएको ऋणका कारण विपन्न परिवारका बालबच्चाहरु अक्सर विद्यालय नजाने गरेको र उनीहरु पनि पैसा कमाउन तिर लाग्ने पाइएको छ ।

## मामिला अध्ययनहरु

सूर्तीजन्य पदार्थका कारण हुने बिमारीले अन्य विनाशकारी गैर आर्थिक असर अनुभव गर्दछ र क्यान्सरले विशेषगरी बिरामी मात्रलाई नभई उनको परिवारलाई पनि नकारात्मक असर गर्दछ । यही समस्यालाई प्रकाश पार्नका लागि नेपाल अबुर्द रोग निवारण केन्द्रले नेपाल विकास अनुसन्धान प्रतिष्ठानको सहकार्यमा गत २०२० सालको अगस्ट देखि नोभेम्बर महिनामा क्यान्सरका उपचाररत र विजयी बिरामीहरूसँग अन्तरवार्ता सम्पन्न गरेको थियो ।

सात वटा मामिला अध्ययनका क्रममा गरिएको अन्तरवार्ताका निचोड प्रस्तुत गरिएको यस दस्ताबेजले सूर्तीजन्य पदार्थका कारण हुने बिरामी र उनका परिवारमा हुने आर्थिक, सामाजिक र मनोवैज्ञानिक हानीलाई प्रकाश पार्ने छ। बिरामीहरूको गोपनीयता कायम गर्नका लागि नाम र अन्य परिचित कुरालाई परिवर्तन गरिएको छ ।

यस दस्ताबेजमा प्रस्तुत गरिएका सात मामिलाहरूले क्यान्सरका बिरामीले नियमित र दिनहुँ अनुभव गरेको आर्थिक, मनोवैज्ञानिक र आर्थिक कठिनाइलाई पूर्ण रूपमा दर्शाएको छ। प्राय सबै जना अन्तरवार्ता दिने बिरामीहरूले आर्थिक कठिनाइ महसुस गरेका थिए भने कतिपय बिरामीहरु त आफ्नो क्यान्सर पत्ता लागे पछि काम गर्न नै नसक्ने गरि अशक्त भएका थिए। जसका कारण तीनका घर–परिवारले उपचार खर्च जुटाउन निकै सङ्घर्ष गर्नु परेको थियो। र कतिपय बिरामीहरूका सन्तानले उसको जिम्मेवारी उठाउन बाध्य भएका थिए । त्यसैगरी कुनै बिरामीले ऋण र उधारो मागेर उपचार खर्च पनि जुटाएका थिए । यस अन्तरवार्तामा क्यान्सरले तीन जना बिरामीलाई गरिबीको रेखामा धकेलेको कुरा प्रस्तुत गरिएको छ भने निम्न आय वर्गका परिवारमा पारेको गहिरो आर्थिक प्रभाव रहेको पनि दर्शाइएको छ ।

क्यान्सरका बिरामीहरूको कथालाई मध्यनजर गर्दा उनीहरूले उपचारका क्रममा र उपचार पछि भोगेका शारीरिक पिडा, मानसिक तनाव र सामाजिक लाञ्छनाजस्ता गैर–आर्थिक असरहरु प्रष्ट नै देखिन्छ । एक जना क्यान्सरका बिरामी त क्यान्सरले यति ग्रस्त थिए कि उनले बोल्न नसकेकाले अन्तरवार्तामा उनकी श्रीमतीले उनको लागि बोलिदिएकी थिइन् । यहाँ प्रस्तुत गरिएका सबै व्यक्तिको कथाहरु पृथक र भिन्न भएता पनि सूर्तीजन्य पदार्थ सेवन गरेका कारण लागेका रोगले निम्त्याएका स्वास्थ्य, सामाजिक र आर्थिक पक्षमा भएको क्षतिको परिणामको अनुभव भने साझा छ । ती रोगले गरेको प्रबल र विविध प्रभाव दर्शाउन तल दुई बिरामीको कथा प्रस्तुत गरिएको छ ।

मूल घर झापा भई हाल ललितपुर बसोबास गर्ने ४५ वर्षीय किशोर मानन्धर (वास्तविक नाम परिवर्तन गरिएको छ) मुखको क्यान्सरका बिरामी हुन् । ६ महिना अघि उनको मुखमा निको नहुने गरी आएको घाउ असार २०७७ देखि पलाएको थियो जहाँ उनी निरन्तर रूपमा सुर्ती राख्ने गर्दथे । पछि त्यहीँ क्यान्सरका लक्षण देखा पर्यो । घाउ एकदम दुखेर संक्रमण भएपछि जँचाउन जाँदा क्यान्सर भएको भन्ने कुरा पाटन अस्पताल पुगेपछि पत्ता लागेको थियो । उनी अनिले पाटन अस्पतालमै विभिन्न चरणको किमोथेरापी गराइरहेका छन् ।



*यो फोटो वास्तविक बिरामीको फोटो होइन*


यस प्राणघातक रोगको कारण अहिले उनी अत्यधिक शारीरिक पिडा र मानशिक दबाब मा छन् । उनको मुख भित्रको ट्युमरले गर्दा उनले मुख राम्ररी खोल्न र बन्द गर्न सक्दैनन् । त्यसले उनको बोली, खानपान, श्वासप्रश्वासमा असर गरेको छ। उनी भन्छन्,

**"ठोस खाना केही खान मिल्दैन । विगत  ६ महिनादेखि सिरिन्जको सहायताले तरल खानेकुरा मात्र खाइरहेको छु । त्यसैले कहिल्यै पेट भरि अघाउने गरी खान पाइन्न ।"**

मानन्धर जी को लागि यो क्यान्सर आर्थिक रूपमा पनि एकदमै विनाशकारी साबित भएको छ । उनले रोग पत्ता लागेको ३ महिनामा नै लगभग रू १,५०,००० (१२७१.६६ अमेरिकी डलर) खर्च गरिसकेका छन् । घरमा आम्दानीको श्रोत उनमै निर्भर थियो । उनलाई क्यान्सर भएदेखि उनी काममा जान असक्षम छन् । त्यसमाथि पनि उनका परिवारका सदस्यहरु उनको हेरचाहमा खटिनु परेकाले उनीहरु पनि पैसा कमाउनका लागि कतै जान असक्षम छन् । त्यसैले उनी आफ्नो आर्थिक स्थितिलाई लिएर चिन्तित छन् । मानन्धर अहिले पुरानो बचत र छर–छिमेकीबाट अनुदानमा पाएको खानामा आश्रित छन् । आफ्नो अहिले को अवस्था देखि आफै आत्तिएर उनी भन्छन्,

**"क्यान्सरको कारण मलाई निक्कै आर्थिक समस्या छ। उपचारका लागि मेरो अरू कुनै आम्दानीको श्रोत नभएकाले उपचार खर्च जुटाउन निकै गाह्रो छ ।"**

क्यान्सरको अप्रत्याशित र खतरनाक प्रवृत्तिका कारण भविष्यमा हुन सक्ने आर्थिक संकटलाई लिएर उनी निकै चिन्तित छन् । भन्छन्, **"म सबै जनालाई सूर्तीजन्य पदार्थको नकारात्मक असरको बारेमा सचेत गराउन चाहन्छु र कसैलाई पनि ती पदार्थहरू सेवन नगर्न अनुरोध गर्दछु ।"**


*यो फोटो वास्तविक बिरामीको फोटो होइन*

श्री शैलेश ताम्राकार (वास्तविक नाम परिवर्तन गरिएको छ), ६३ वर्षीय काठमाडौं निवासी हुन् जो फोक्सोको क्यान्सरको सिकार बनेका छन् । उनले जीवनको ३२ वर्ष सम्म दैनिक धूम्रपान नगरे पनि, जमघट र पार्टीमा सामाजिक बन्नकार घुलमिल हुनका लागि धूम्रपान भने गर्थे । फोक्सोको क्यान्सर (स्टेज ३) भएको पत्ता लागिसके पछि ताम्राकार ले १२ चरणको किमोथेरापी सम्पन्न गरेका छन् जसले गर्दा उनलाई थकित बनाएको छ भने ओरल किमोथेरापी गरेका कारण ग्यास्ट्रिकले पनि निकै गाह्रो भएको थियो । उनलाई  लागेको क्यान्सर पूर्णतया उपचार नहुने प्रकारको हो र त्यसलाई नियन्त्रणमा मात्र राख्न मिल्ने भएको कारण उनको काम र सामाजिक जीवन दुबैमा निकै असर परेको छ । क्यान्सरको कारण उनले जागिरमा धेरै बिदाहरु लिनुका साथै वास्तविक अवकाश लिने समयभन्दा एक वर्ष अघि नै अवकाश लिनु पर्यो र उनलाई अब मेरो जीवनको अन्त्य हुँदै छ जस्तो लागेको थियो ।

उनले भने **"जब मेरो क्यान्सरको पुष्टि भयो तब म क्यान्सरको सामना गर्न तयार थिइन । मलाई आफ्नो परिवार र बच्चाहरूको भविष्यको निकै चिन्ता भयो ।"**

उनी धेरै सामाजिक व्यक्ति थिए तर क्यान्सर पश्चात् साथी-भाईसँगको भेटघाटका गतिविधिहरु र भेलामा उनको संलग्नता कम भएको छ । क्यान्सर रोगको निदानपछि उनलाई मनोवैज्ञानिक, सामाजिक र मानसिक तनाव भएको छ। उनका आफन्त र साथीहरूले उनको क्यान्सरको बारेमा थाहा पाए पछि उनलाई अत्यन्त बिरामी मान्छेको रूपमा व्यवहार गरे । उनलाई फेरि कहिल्यै भेट्न नपाउने जसरी बिदा गर्न थाले । आफ्नो स्वास्थ्य अवस्थाको बारेमा बारम्बार सोधपुछ हुँदा, उनको व्यक्तिगत जीवन माथि हस्तक्षेप हुँदा तथा बारम्बार आफ्नो आयु कम भएको महसुस गराउँदा उनलाई निकै चिढचिढाहट र तनाव हुन्छ ।

रोगले आर्थिक असर पनि धेरै नै परेको छ । प्रत्येक दुई महिनामा सिटि स्क्यान गर्दा, भारतको ३ वटा विभिन्न अस्पतालमा भ्रमण गर्दा, र १२ चरणको किमोथेरापी गर्दा उनको लगभग रू २० लाख (१७००७.६९ अमेरिकी डलर) खर्च भएको थियो । सूर्तीजन्य पदार्थले गर्दा भएको क्यान्सर पीडित भएको कारण, उनी एकदमै महत्वपुर्ण कुरा अरूलाई यसरी सुनाउँछन्,


**"म सबै मानिसहरूलाई सन्देश दिन चाहन्छु कि निकोटिन र सूर्तिजन्य पदार्थहरूलाई पूर्णरूपले त्याग्नु पर्छ किनभने त्यस्ता उत्पादनहरू प्रयोग गर्दा कुनै फाइदा हुँदैन र स्वास्थ्य समस्या मात्र हुन्छ ।"**

यस दस्ताबेजमा भएको जम्मा ७ वटा मामिला अध्ययन मध्ये यहा २ वटा मात्र देखाइएको छ । समग्रमा यी मामिला अध्ययनहरूले स्वास्थ्य, सामाजिक र आर्थिक पक्षमा पारेको प्रभावको विवरण दिन्छन् । परिवारका सदस्यहरूमा भएको आर्थिक असर देखि निरन्तर भोगिरहनु पर्ने शारीरिक पिडा, मानशिक तनाव हुने सम्म र काममा निरन्तरता दिन नसक्ने जस्ता सूर्तीजन्य पदार्थको सेवनले गर्दा हुने भयानक असरहरु दर्साइएको छ ।

वैज्ञानिक अनुसन्धानले देखाइएका तथ्यहरु सँगसँगै यी मामिला अध्ययनहरूले, सूर्तीजन्य पदार्थमा लगाइएको करको दायरालाई वृद्धि गरी, सूर्तीजन्य पदार्थको उपभोग दर कम गर्न नेपाल सरकारले सूर्तीजन्य पदार्थको नियन्त्रणमा तुरून्त गर्नुपर्ने पहललाई उजागर गर्दछ । त्यस्ता नीतिहरूले सूर्तीजन्य पदार्थले गर्दा हुने रोगहरूको प्रत्यक्ष अप्रत्यक्ष खर्चलाई कम गरेर वृहत् समुदायलाई अत्यधिक फाइदा गर्नुका साथै करको दायरा वृद्धि गर्दा यसले नेपाल सरकारको राजस्वमा पनि वृद्धि गर्नेछ । सबैभन्दा महत्वपुर्ण कुरा, सूर्तीजन्य पदार्थ नियन्त्रण नीतिहरु, जसमा कर वृद्धि पनि पर्छ, यसले लाखौँको जीवन रक्षा गर्न, स्वास्थ्य राम्रो बनाउन, र यस दस्ताबेजमा उल्लेख गरिए जस्ता थप अन्य दुखद कथाहरु हुन बाट रोक्नेछ ।

# पृष्ठभूमि र प्रसङ्ग


सूर्तीजन्य पदार्थ सेवनको प्रकोप विश्वव्यापी रूपमा सबै मानिसको सुस्वास्थ्यका लागि खतराको रूपमा स्थापित छ । विश्वभरि यसले ८० लाख मानिसको ज्यान लिइरहेको छ जुन संख्या एचआइभी एड्स, क्षयरोग र मलेरियाबाट हुने मृत्युको कुल संख्याभन्दा धेरै हो । त्यसमाथि सूर्तीजन्य पदार्थ सेवनले गर्दा अकालमै हुने ८०% मृत्यु विकासोन्मुख देशहरूमा हुने गर्दछ ।[1] यसका कारण दक्षिण एसियाली क्षेत्रमा मात्र १६ लाख मानिसको ज्यान जाने गर्दछ[2] भने नेपालमा वार्षिक २७,१०० जनाको मृत्यु हुने गर्दछ[3] । सूर्तीजन्य पदार्थ सेवन निर्मूल गरी सूर्तीजन्य पदार्थ सेवनले लाग्ने क्यान्सरका कारण हुने मृत्युको जो खिमलाई सजिलै न्यूनीकरण गर्न गर्न सकिन्छ[4] ।




**पहिलो चित्र:** नेपालमा लिगं र उमेरका आधारमा सूर्तीजन्य पदार्थको प्रयोगदर (स्रोत: **NSEPT 2020**)

नेपालमा सूर्तीजन्य पदार्थको सेवन व्यापक रूपमा हुन्छ । नेपाल विकास अनुसन्धान प्रतिष्ठान (नेबिअप्र) ले गरेको **"नेपालमा सूर्तीजन्य पदार्थ उपभोगको सामाजिक–आर्थिक र नीतिगत पक्षको राष्ट्रिय सर्वेक्षण"** नामक परियोजनामा १८ वर्षमाथिका व्यक्तिमा सूर्तीजन्य पदार्थको प्रयोगदर औसतमा ३१.७% पाइएको छ[5] । तलको चित्रमा देखाएअनुरूप पुरूषमा ५१% मा महिलामा १३.७% प्रयोगदर देखिएको छ । त्यस्तै नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी) ले २०१९ मा सम्पन्न गरेको स्टेप सर्वेक्षणमा १५ देखि ६९ वर्षका नेपालीमा सूर्तीजन्य पदार्थको प्रयोगदर २८.९५ देखिएको छ[6] ।

औसतमा नेपालमा सूर्तीजन्य पदार्थको प्रयोगदर अरू निम्न आय भएका देशहरूको तुलनामा निकै बढी देखिन्छ । निम्न उल्लेखित दोस्रो चित्र मा देखाए अनुरूप २०१५ सालमा विश्व स्वास्थ्य सङ्गठनले गरेको अनुमान अनुसार २१.६% नेपालीहरूले धूम्रपान गर्दथे भने प्राय निम्न आय भएका देशमा भने ११.६% ले मात्र धूम्रपान गर्दथे ।




Sources: NDRI Construction from WHO Trends in Tobacco Smoking Second Edition.
See: https://www.who.int/tobacco/publications/surveillance/trends-tobacco-smoking-second-edition/en/


**दोस्रो चित्र:** कम आय भएका र नेपालका वयस्कहरूले धूम्रपान गर्ने प्रवृत्तिको तुलना

दक्षिण एसियाली राष्ट्रहरूमा बङ्गलादेश पछि अत्यधिक सूर्तीजन्य पदार्थ (धूम्रपान र धुँवारहित) सेवन नेपालमा हुने गर्दछ । विश्व स्वास्थ्य सङ्गठनको वेबसाइटबाट लिइएको तथ्याङ्कका आधारमा तल उल्लेखित तेस्रो लेखा चित्रमा दक्षिण एसियाली राष्ट्रहरूमा व्याप्त प्रयोगदर देखाइएको छ ।

निम्न उल्लेखित चित्र लेखा ४ (नेविअप्रको **"नेपालमा सूर्तीजन्य पदार्थको प्रयोग: वर्तमान परिपेक्ष"**[7]) ले देखाए अनुसार नेपालमा केही समयका लागि सूर्तीजन्य पदार्थ (धूम्रपान र धुँवारहित) सेवन स्थिर रहेतापनि प्रयोगदरमा सुधार भने देखिदैन । तलको चित्ररेखामा विभिन्न उमेरका समूहमा धूम्रपान सेवन घटेको भएतापनि धुँवारहित पदार्थको सेवन भने बढेको देखिन्छ ।


नेपाली समाजमा सूर्तीजन्य पदार्थको प्रबल प्रभाव देखिन्छ । यस दस्तावेजले ती पदार्थले पार्ने दुई विषयलाई विशेष गरी नजिकबाट विश्लेषण गर्नेछ । सर्वप्रथम, सूर्तीजन्य पदार्थ सेवनमा हुने खर्च, त्यसमा पनि विशेष गरी त्यसले निम्त्याउने रोगहरूको निवारणका लागि हुने स्वास्थ्योपचारमा हुने खर्चलाई ध्यानमा राख्नेछ। दोस्रो, सूर्तीजन्य पदार्थको सेवनले बिरामी सेवनकर्ता र उनका परिवारको व्यक्तिगत सामाजिक र स्वास्थ्यमा पार्ने प्रभावलाई नियाल्ने छ । यी दुई विषयलाई पुष्टि गर्न सूर्तीजन्य पदार्थको सेवनले बिरामी परेका क्यान्सरका बिरामीहरूसँग गरिएको थुप्रै मामिला अध्ययनहरु प्रस्तुत गरिनेछन् ।

[1] https://www.worldbank.org/en/topic/tobacco
[2] https://www.who.int/southeastasia/health-topics/tobacco/tobacco-control-in-the-south-east-asia-region
[3] https://tobaccoatlas.org/
[4] https://www.who.int/activities/preventing-cancer
[5] Nepal Development Research Institute. National Survey on Socio-economic and Policy Aspects of Tobacco Use (2020)
[6] Government of Nepal, National Health Research Council: Tobacco Fact Sheet, Nepal STEPS Survey 2019
[7] Nepal Development Research Institute. Tobacco in Nepal: The Current Context 2019, NDRI




Sources: NDRI construction from WHO data (https://www.who.int/tobacco/surveillance). Nepal data based on STEPS Survey 2013


**तेस्रो चित्रः** दक्षिण एसियाली देशहरुमा सूर्तीजन्य पदार्थको प्रयोगदर




**चौथो चित्रः** विगतका १० वर्षमा सूर्तीजन्य पदार्थको प्रयोगको प्रवृति

## सूर्तीजन्य पदार्थको सेवनले लाग्ने रोगको स्वास्थ्य उपचारमा लाग्ने खर्च

सूर्तीजन्य पदार्थको सेवनले लाग्ने रोगको स्वास्थ्य उपचारमा व्यक्ति र परिवारले गर्ने प्रत्यक्ष खर्चहरु निकै खर्चिलो हुन्छ भने अप्रत्यक्ष रुपमा हेर्दा बिमारीका कारण हुने अपाङ्गता र अकालमै हुने मृत्युका कारण गुमेका अवसरहरुका कारण आर्थिक क्षति भएको हुन्छ । जुन तलको पाचौँ चित्रमा प्रस्तुत गरिएको छ । यस खण्डमा सूर्तीजन्य पदार्थको सेवनले लाग्ने रोगले पार्ने आर्थिक प्रभावलाई बिस्तारमा प्रस्तुत गरिनेछ ।





**पाचौं चित्रः** सूर्तीजन्य पदार्थको सेवनका कारण हुने आर्थिक लागत
*Source: Prepared by NDRI based on the information from Economics of tobacco toolkit (2011), WHO.*

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभरि धूम्रपानका कारण प्रत्येक वर्ष विश्वकै वार्षिक कुल ग्राहस्थ उत्पादनको १.८% वा कुल १४० अर्ब अमेरिकी डलर आर्थिक लागत खर्च हुने गरेको छ । उक्त लागतको लगभग ४०% खर्च विकासोन्मुख देशहरुमा हुने गर्दछ । यसको अर्थ ती देशहरुमा निकै ठूलो आर्थिक भार भएको जनाउँदछ[8] । विभिन्न देशहरुमा धूम्रपानको यो विशाल आर्थिक भार विभिन्न सन्दर्भहरुमा देखाइएको छ । उदाहरणका लागि, संयुक्त राज्य अमेरिकामा कुल ग्राहस्थको  लगभग १५ बराबर आर्थिक लागत हुने गर्दछ र चीनको कुल ग्राहस्थको लगभग ०. ७% बराबर हुने गर्दछ[9] । संयुक्त राज्य अमेरिकाले धूम्रपानका कारण हुने रोगमा प्रति वर्ष प्रत्यक्ष स्वास्थ्य उपचारमा ३० हजार करोड अर्ब अमेरिकी डलर खर्च गर्दछ। अप्रत्यक्ष रुपमा धूम्रपानका कारण हुने रोगका कारण उत्पादकत्वमा हुने ह्रासका कारण करिब १५ हजार ६ सय घाटा हुने गर्दछ (अप्रत्यक्ष धूम्रपानका कारण उत्पादकत्वमा हुने ह्रासका कारण ५ सय ६० करोड)[10] । त्यसै गरी बेलायतको राष्ट्रिय स्वास्थ्य सेवाका अनुसार अनुमानित ३ हजार ४२ करोड पाउण्ड (४ सय करोड अमेरिकी डलर[11]) प्रत्यक्ष धूम्रपानमा खर्च हुने गर्दछ र अस्ट्रेलियामा सन् २०१६ सालमा कुल धूम्रपानमा एक हजार ३ सय ६० अस्ट्रेलियन डलर खर्च हुने देखिएको थियो (९९२ अमेरिकी डलर)[12] ।

यस्ता भारी आर्थिक लागतहरु निम्न र मध्यम आय भएका देशहरुमा पनि महसुस गरिन्छ । विश्व स्वास्थ्य संघठनका अनुसार दक्षिण पूर्व एशियाली क्षेत्रमा सूर्तीजन्य पदार्थको गरिबी र विकाससँग निकट सम्बन्ध हुन्छ। भियतनाममा गरिएको एक अध्ययनले सन् २०११ मा धूम्रपानको कूल आर्थिक लागत उक्त वर्षको कुल ग्राहस्थ उत्पादनको ०.९७% करिब २.५ अर्ब भियतनामी डोङ (११७.३ करोड अमेरिकी डलर) देखाएको छ । प्रत्यक्ष रुपमा बिरामीको उपचारमा ५९.२ करोड र  अप्रत्यक्ष रुपमा उत्पादकत्वमा

ह्रास आई विभिन्न रोगहरु र बिमारीका कारण १२१ करोड र मृत्युका कारण ५४.५ करोड खर्च गुमेको थियो। अप्रत्यक्ष रूपमा कुल खर्चको ४९.५% धूम्रपानका कारण खर्च भएको थियो । थाइल्याण्डमा २०१५मा भने धूम्रपानको लागत कुल ग्राहस्थ उत्पादनको ०.७८%, ७४८८ करोड भाट (१२१८ करोड अमेरिकी डलर) थियो । अधिकांश लागतको भार भने उत्पादकत्वमा भएको ह्रासका कारण ६४२४ करोड भाट (१८१ करोड अमेरिकी डलर) खर्च भएको थियो भने प्रत्यक्ष रूपमा स्वास्थ्य खर्च भने १२.६४ भाट (०.३७ अमेरिकी डलर) भएको थियो[14] । त्यस्तै दक्षिण पूर्वी एशियाको सबैभन्दा धेरै सूर्तीजन्य पदार्थ सेवन हुने देश, इन्डोनेसिया हो र त्यहाँ यसका कारण हुने रोगहरूको उपचारमा हुने स्वास्थ्य खर्च अत्यधिक छ। सन् २०१५ सालमा धूम्रपानका कारण हुने अनुमानित लागत कुल ग्राहस्थ उत्पादनको २.५%, २१७.७ करोड अमेरिकी डलर २१७.७ करोड रहेको थियो[15] ।

सन् २०१८ मा प्रकाशित 'टोबैको एटलास'[16] का अनुसार केही दक्षिण एसियाली देशहरूमा धूम्रपानका कारण हुने आर्थिक नोक्सानी ती देशहरूको कुल ग्राहस्थ उत्पादनको ०.६८% देखि १.८%[17] वा २२.५ मिलियन देखि ३३.४० बिलियन अमेरिकी डलर सम्म हुने गर्दछ जुन तलको छैठौं लेखा चित्रमा देखाइएको छ । सूर्तीजन्य पदार्थको प्रयोगबाट भारी मात्रामा आर्थिक नोक्सानी हुन सक्ने स्पष्ट नै छ र दक्षिण एसियाली क्षेत्रहरूमा व्याप्त उच्च प्रयोगदरका निकै भारी आर्थिक भार थपिरहेको छ[18] ।




**छैठौं चित्रः** दक्षिण एसियाली देशहरूमा धुमपानका कारण हुने आर्थिक क्षति

माथि देखाइएको लेखा चित्रमा जस्तै उच्च प्रयोगदर र त्यसले थपेको आर्थिक भारको विषयमा नेपाल पनि अछुत छैन । २०१२ सालमा नेपालमा धूम्रपानका कारण लाग्ने रोगका कारण कुल ग्राहस्थ उत्पादनको १.५ प्रतिशत वा २२.९४ बिलियन रूपैयाँ (२५८ मिलियन अमेरिकी डलर) बराबरको आर्थिक नोक्सानी भएको थियो । यदि यस धूम्रपानको मूल्यलाई हामीले मुद्रास्फितिसँगै समायोजन गर्यौं भने सन् २०२०[19] मा यसको लागत अनुमानित ३९.२५ बिलियन नेपाली रूपैयाँ[20] (३३४ मिलियन अमेरिकी डलर[21]) हुन आउँछ ।

साथै यी आर्थिक लागत धूम्रपानका कारण हुने बिमारीमा हुने खर्च लागत मात्र हुन् र यसमा धुवाँरहित सूर्तीजन्य पदार्थका कारण हुने बिमारीमा लाग्ने लागत समेटिएको छैन (धुवाँरहित सूर्तीजन्य पदार्थका कारण हुने बिरामीमा लाग्ने लागतको तथ्यांक तथा जानकारीको अभाव थियो) । त्यसैगरी उक्त हिसाब गर्दा प्रत्यक्ष रूपमा स्वास्थ्य उपचारमा लाग्ने खर्च मात्र समेटिएको छ र अप्रत्यक्ष रूपमा स्वास्थ्यमा हुने अन्य खर्चहरु जस्तै अस्पताल जाँदा यात्रामा हुने खर्च, बिरामीको हेरबिचारमा खर्चिएको समयका कारण हुने आर्थिक क्षति भने समेटिएको छैन[22]। यसले धूम्रपानले गर्दा हुने वास्तविक लागत, माथि उल्लिखित अनुमानित खर्चको लागत भन्दा निकै बढी हुने सुझाव दिन्छ ।

---

[8]WHO. Economics of tobacco toolkit (2011)
[9]https://www.who.int/health-topics/tobacco#tab=tab_2
[10]Ekpu, V. and Brown, A. (2015), 'The Economic Impact of Smoking and of Reducing Smoking Prevalence: Review of Evidence', Tobacco Use Insights, Volume 8: 1-35. doi:10.4137/TUI.S15628.
[11]https://www.cdc.gov/tobacco/data_statistics/fact_sheets/economics/econ_facts/index.htm
[12]https://tobaccoatlas.org/country/united-kingdom/
[13]National Drug Research Institute (2019), 'Identifying the social costs of tobacco use to Australia in 2015/16'
[14]Hoang Anh, P.T., et al. (2016), 'Direct and Indirect cost of smoking in Vietnam', Tobacco Control, Volume 25, Issue 1. http://dx.doi.org/10.1136/tobaccocontrol-2014-051821
[15]Bundhamcharoen, K., Aungkulanon S., Makka N., and Shibuya, K. (2016), 'Economic burden from smoking-related diseases in Thailand', Tobacco Control, Volume 25, Issue 5. http://dx.doi.org/10.1136/tobaccocontrol-2015-052319.
[16]Kristina S. A. et al. (2018), 'Health Care Cost of Noncommunicable Diseases Related to Smoking in Indonesia, 2015', Asia-Pacific Journal of Public Health, Volume 30, Issue 1: 29-35. doi:10.1177/1010539517751311.
[17]https://tobaccoatlas.org/
[18]GDP of each country sourced from World Bank.

# सूर्तीजन्य पदार्थको सेवनले हुने व्यक्तिगत असरहरु

## बिरामी र उनका परिवारमा हुने आर्थिक असर

सूर्तीजन्य पदार्थ किन्ने खर्चले परिवारको आम्दानी अन्तै मोडिन्छ जुन अन्य उद्देश्यका लागि प्रयोग हुन सक्दथ्यो । तर जब एक सूर्तीजन्य पदार्थ सेवनकर्ता रोगी बिरामी हुन्छन्, त्यसको उपचारमा लाग्ने खर्चको भार सरकार, व्यक्ति र समाज सबैको काँधमा पर्दछ । समान्यतया नेपालमा अनुमानित ४८ देखि ६९% स्वास्थ्यमा लाग्ने खर्च व्यक्तिगत तवरबाट नै बेहोर्नुपर्दछ । व्यक्तिगत तबर बाट खर्च गर्दा आफ्नै खल्तीबाट सम्पूर्ण खर्च गर्नुपर्दछ (वास्तवमा सरकारले बेहोर्नुपर्दथ्यो) । उक्त खर्चमा प्रत्यक्ष रूपमा हुन सक्ने लागत जस्तै उपचार खर्च, अस्पतालमा भर्ना खर्च[23], औषधि, निदान, आदि पर्दछ भने अप्रत्यक्ष रूपमा हुने खर्चमा निदानका लागि यातायात गर्दा लाग्ने खर्च र बिरामीको उपचारका क्रममा बिरामी र परिवारका सदस्यको लागि बस्न खान लाग्ने खर्च पर्दछ । निदानका लागि हुने स्वास्थ्य उपचार खर्च विशेष गरी निम्न सामाजिक र आर्थिक स्थितिका नेपालीहरूका लागि निकै विनाशकारी सावित हुन सक्दछ । घरेलु स्तरमा हेर्दा बिमारीले गर्दा घरको कमाई, बचत र लगानीहरूलाई असर गर्दछ ।

क्यान्सर र मुटुरोगको औषधि उपचारमा हुने विनाशकारी खर्चलाई ध्यानमा राखी नेपाल सरकारले उक्त रोगका बिरामीहरूलाई रू. एक लाख बराबरको आर्थिक सहयोग प्रदान गर्दछ । यो सहयोग गरिब विपन्न वर्गका परिवारका लागि सन् २००६ सालदेखि विपन्न नागरिक कोषबाट प्रदान गरिदै आइएको छ[24]। त्यसका साथसाथै नेपाल अबुर्द रोग निवारण समाजले क्यान्सरका बिरामीलाई तीन पटक सम्म भारतमा उपचारका लागि हवाइजहाजको भाडामा सहुलियत प्रदान गर्दै आइरहेको छ । हवाइजहाजको भाडामा पहिलो पटक १००% सहुलियत, दोस्रो पटकको उडानमा ५०% र तेस्रो पटकको उडानमा २५% सहुलियत प्रदान गर्दछ[25] । यो सहायता र सरकारको आर्थिक सहयोगले क्यान्सरका बिरामीलाई उपचारका क्रममा केही मात्रामा राहत पुगेको देखिन्छ तर समग्र रूपमा क्यान्सरको निदानमा हुने कुल खर्चलाई हेर्ने हो भने सरकारको आर्थिक सहयोग निकै न्यून देखिन्छ ।

भक्तपुर क्यान्सर अस्पतालमा २९४ जना क्यान्सरका बिरामीसँग गरिएको एक अध्ययनको अनुमानले क्यान्सरको उपचारमा लाग्ने प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हुने औसत खर्च ३ लाख ८७ हजार हुने गरेको देखाएको छ । तर साधारण मानिसको औसत वार्षिक आय ७८.९ हजार हुँदा क्यान्सरको उपचारमा लाग्ने औसत खर्च उनीहरूका लागि निकै विनाशकारी हुन जान्छ । उक्त अध्ययनमा संलग्न ८६% ले आर्थिक कठिनाइ र समस्या भोगेका थिए र उपचारका लागि खर्च जुटाउन ७८% ले ऋण लिएका र ४८% ले घर–सम्पत्ति पनि बेचेका थिए[26] । त्यसैगरी एक्सन नेपालले २०१९ मा १०३ जना सूर्तीजन्य पदार्थको सेवनले गर्दा क्यान्सर भएका बिरामीहरूसँग गरेको अध्ययन अनुसार औसतमा उपचारमा खर्चका लागि कुल ९ लाख ८१ हजार ३ सय ७० रूपैयाँ खर्च हुने देखिएको थियो । प्रत्यक्ष खर्चमा उक्त खर्चको ७३% भएको रहेछ भने अप्रत्यक्ष रूपमा ज्यालाको क्षति र काममा अनुपस्थितका कारण चाहीँ २७% क्षति भएको थियो । उक्त अध्ययनमा संलग्न १६% बिरामीले उपचारका लागि घर–जग्गा बेचेका थिए भने २७% ले भने आफन्तबाट ऋण लिएका थिए र १४% ले मात्र आफ्नो कमाई/आम्दानीले खर्च पुर्याएका थिए[27] ।

त्यसैगरी एक्सन नेपालले कुनै प्रकारको मुटुसम्बन्धी रोगबाट ग्रसित ९७ जना बिरामीसँग सन् २०१९ मा गरेको एक अध्ययनका अनुसार मुटुसम्बन्धी कुनै पनि रोगको उपचारमा औसतमा ७ लाख ९० हजार ९५ रूपैयाँ खर्च हुँने देखिएको छ । प्रत्यक्ष रूपमा उपचारमा उक्त कुल खर्चको ७२% हुँदो रहेछ भने ज्यालाको क्षति र काममा अनुपस्थितका कारण चाहिँ २८% क्षति हुँदो रहेछ । सो अध्ययनका अनुसार सूर्तीजन्य पदार्थका कारण हुने मुटुसम्बन्धी रोगमा लाग्ने अनुमानित (extrapolated) खर्च वार्षिक लगभग ३३३५ करोड रूपैयाँ हुन जान्छ[28] ।

---

[19]https://www.who.int/southeastasia/health-topics/tobacco/tobacco-control-in-the-south-east-asia-region
[20]Calculated by NDRI incorporating the inflation rates sourced from Nepal Rastra Bank; 1 USD = 117.52 on 12 January 2021.
[21]Note that the WHO FCTC investment case study of Nepal report has shown the total economic loss due to tobacco use has further increased since 2012: this study used a different methodology to the Tobacco Atlas report and suggested the cost was NPR. 47 billion (USD $458 million) in 2017, accounting for 1.8% of national GDP. And if we inflate this amount to 2020, then it is NPR. 54.6 billion (USD $464 million). This shows the costs may range up to NPR. 54.6 billion per year.
[22]Goodchild, M., et al. (2016), 'Global economic costs of smoking attributable diseases', Tobacco Control, Volume 27, Issue 1: 58-64; http://dx.doi.org/10.1136/tobaccocontrol-2016-053305.
[23]https://apps.who.int/iris/bitstream/handle/10665/205319/B0575.pdf?sequence=1&isAllowed=y

# गैर वित्तिय असरहरु

सूर्तीजन्य पदार्थ सेवनले लाग्ने रोग जस्तै क्यान्सरका कारण बिरामी र उनका परिवारमा आर्थिक भारबाहेक चिन्ता, उदासीनता जस्ता मानसिक तनाव पनि पैदा गर्दछ ।

अक्सर सूर्तीजन्य पदार्थ सेवनले लाग्ने रोग जस्तै क्यान्सरका बिरामीलाई उनीहरूको खराब बानीका कारण समाजमा प्रायः अपहेलना, तिरस्कार र नराम्रो व्यवहार गरिन्छ । फलस्वरूप बिरामीको समाजमा व्यक्तिगत जीवन र आर्थिक अवसरहरूमा धक्का पुग्दछ जसले गर्दा अन्ततः परिवारमा समेत असर गर्दछ[29] । आर्थिक अभावका कारण बिरामी र उनका परिवारमा stigmatism हुन सक्दछ । उदाहरणका लागि नेपालका दुर्गम क्षेत्रमा बसोबास गर्ने मानिसहरु समाजमा जोखिमपूर्ण वातावरणमा बाँचेका हुन्छन् किनकि गरिब परिवारमा सूर्तीजन्य पदार्थ सेवनले लाग्ने दीर्घकालीन रोगको उपचारका लागि खर्च जुटाउन निकै सङ्घर्ष गर्नुपर्ने हुन्छ । उक्त सङ्घर्षका क्रममा उनीहरु मानसिक तनावमा पनि परेका हुन्छन्[30] । त्यसैगरी काठमाण्डुमा पनि क्षयरोगका बिरामीहरूलाई घर, समुदाय, कार्यक्षेत्र र अस्पतालमा पनि स्वास्थ्य सेवकहरूले अनुचित तरिकाले भेदभाव गरिएको, उनीहरूको चुरोट सेवन गर्ने कुलतलाई औंल्याएर दुर्व्यवहार गर्ने गरेको पाइएको छ । घर वरिपरि र कार्यक्षेत्रमा कर्मचारीहरूले आफूलाई सर्ने डरले र त्यो रोग कसरी सर्दछ भन्ने ज्ञानको कमीका कारण बिरामीहरूलाई अपहेलना गर्ने गरेको पाइएको छ[31]।

सूर्तीजन्य पदार्थको सेवनले लाग्ने रोगहरूले निम्त्याउने तनावले बिरामी र परिवारका सदस्यलाई पनि ग्रसित बनाउँदछ । ती रोगहरूको उपचारका क्रममा बिरामी र परिवारका सदस्यको आर्थिक र मानसिक स्थिति तनाव ग्रस्त हुन सक्दछ किनकि उनीहरु सधै भरि औषधि(उपचारका लागि पैसा जुटाउन चिन्तित हुन्छन्[32 33] ।

आर्थिक तनावका कारण परिवारमा अन्य पाटोलाई पनि असर गर्दछ । उदाहरणका लागि औषधि–उपचारका लागि लिइएको ऋणका कारण परिवारका सदस्यहरु सधैँ चिन्तित हुनाका साथै बाल–बच्चाहरूले सानैमा स्कुलमा पढाई छोडी उपचार खर्च जुटाउन पैसा कमाउन पर्ने अवस्था पनि उत्पन्न हुन्छ[34] । सूर्तीजन्य पदार्थले निम्त्याउने रोगहरूले थुप्रै गैर–आर्थिक असरहरु पनि गर्दछन् । उदाहरणका लागि क्यान्सरका बिरामीहरु उपचारका क्रममा वा निकै नाजुक स्थितिमा निकै तनावमा हुन्छन् जसले व्यक्तिगत, सामाजिक र मानसिक कार्यलाई पनि असर गर्दछ[35] । त्यसमाथि पनि जब क्यान्सरका बिरामी हिँडडुल गर्न सक्दैनन् उनीहरूको हेरचाह गर्ने मानिसको मानसिकतालाई पनि निकै नराम्रो असर गर्दछ । हिँडडुल गर्न नसक्ने मुटुका बिरामीहरु अझै धेरै मानसिक रोगका बिरामी हुन्छन् वा निकै चिन्तित र उदास हुन्छन्[36] । क्यान्सरको उपचाररत बिरामी र क्यान्सर निको भई सकेका बिरामीहरु किमोथेरापी वा अन्य उपचार विधि र क्यान्सरका कारण काम गर्न अशक्त हुन्छन् जसका कारण उनीहरु सामाजिक र मानसिक रूपमा निकै दुःखी हुने गर्दछन्[37] ।

---

[24]https://www.mohp.gov.np/eng/program/medical-treatment-deprived-citizen
[25]http://www.ncrs.org.np/page/48/programme/other_activities
[26]Khatiwoda, S. R. et al. (2019), 'Estimating the Direct Cost of Cancer in Nepal: A Cross-Sectional Study in a Tertiary Cancer Hospital', Frontiers in Public Health 7: 160. https://doi.org/10.3389/fpubh.2019.00160
[27]Prasad Prasai, D. et al. (2019), 'Cost Analysis of Diagnosis and Treatment of Tobacco Related Cancer in Selected Hospitals of Nepal', Action Nepal Discussion Paper.
[28]Prasad Prasai, D. et al. (2019), 'Cost Analysis of Diagnosis and Treatment of Cardiovascular Diseases of Selected Hospitals of Nepal', Action Nepal Discussion Paper.
[29]Fife, B. and Wright, E. (2000), 'The dimensionality of stigma: a comparison of its impact on the self of persons with HIV/AIDS and cancer', Journal of Health and Social Behavior Volume 41, Issue 1: 51–67.
[30]Sapkota, T., Houkes, H., and Bosma, H. (2020), 'Vicious cycle of chronic disease and poverty: a qualitative study in present day Nepal', International Health, Volume 13, Issue 1, 30–38, https://doi.org/10.1093/inthealth/ihaa016
[31]Baral, S. C., Karki, D. K. and Newell, J. N. (2007), 'Causes of stigma and discrimination associated with tuberculosis in Nepal: a qualitative study', BMC Public Health 7, 211 https://doi.org/10.1186/1471-2458-7-211
[32]Kurtz, M. E., Given, B., Kurtz, J. C., and Given, C. W. (1994), 'The Interaction of Age, Symptoms, and Survival Status on Physical and Mental Health of Patients with Cancer and Their Families' Cancer 74 (7 Supplement): 2071-8.
[33]Sapkota, T., Houkes, H., and Bosma, H. (2020), 'Vicious cycle of chronic disease and poverty: a qualitative study in present day Nepal', International Health, Volume 13, Issue 1, 30–38, https://doi.org/10.1093/inthealth/ihaa016
[34]Sapkota, T., Houkes, H., and Bosma, H. (2020), 'Vicious cycle of chronic disease and poverty: a qualitative study in present day Nepal', International Health, Volume 13, Issue 1, 30–38, https://doi.org/10.1093/inthealth/ihaa016
[35]Kurtz, M. E., Given, B., Kurtz, J. C., and Given, C. W. (1994), 'The Interaction of Age, Symptoms, and Survival Status on Physical and Mental Health of Patients with Cancer and Their Families' Cancer 74 (7 Supplement): 2071-8.
[36]Bashiri, Z., Aghajani, M., and Masoudi Alavi, N. (2016), 'Effects of Psychoeducation on Mental Health in Patients With Coronary Heart Disease', Iranian Red Crescent Medical Journal, Volume 18, Issue 5. https://doi.org/10.5812/ircmj.25089
[37]Adler, N. and Page, A. (eds.) (2008), Cancer Care for the Whole Patient: Meeting Psychosocial Health Needs (Institute of Medicine (US), Committee on Psychosocial Services to Cancer Patients/Families in a Community Setting).

# मामिला अध्ययनहरु: कसरी सूर्तीजन्य पदार्थ सेवनले हुने क्यान्सरले नेपालमा सूर्तीजन्य पदार्थ सेवनकर्ताको जीवनमा प्रभाव पारेको छ

सूर्तीजन्य पदार्थको सेवनबाट हुने रोगको असरहरु, विशेष गरी क्यान्सरले बिरामीहरु र उनीहरुका परिवारहरुमा पर्ने असरहरु पुष्टि गर्नका लागि नेविअप्रले नेपाल अबुर्द रोग निवारण समाज (एनसीआरएस) को सहयोगमा केही मामिला अध्ययनहरु गरेको छ । निम्नबमोजिम उल्लेख गरिएका मामिला अध्ययनहरुले सूर्तीजन्य पदार्थको सेवनबाट हुने रोगहरुको प्रभावको गम्भीरतालाई प्रकाश पार्दछ । उक्त अध्ययनमा नेपालमा विशेष गरी सूर्तीजन्य पदार्थको सेवनबाट हुने क्यान्सरले बिरामी र उनका परिवार, हेरचाहमा संलग्न हुने व्यक्तिको आर्थिक, सामाजिक–आर्थिक र मनोवैज्ञानिक हितमा हुने असरहरुलाई विशेष ध्यान दिइएको छ । यस दस्ताबेजमा समेटिएको मामिला अध्ययनमा अन्तरवार्ता दिने व्यक्तिको नामहरु अज्ञात राखिएको छ ।

यहाँ क्यान्सरबाट बचेका, क्यान्सरको उपचाररत र क्यान्सरसँग लड्दै गरेका बिरामीहरुको अनुभवका साथै त्यसले उनीहरुलाई गरेको आर्थिक, भावनात्मक, मानसिक कठिनाइहरुलाई प्रस्तुत गरिएको छ । अध्ययनका लागि अन्तरवार्ता लिदाँ प्राय सबैजना बिरामीको आर्थिक पाटोमा असर परेको देखिएको छ । क्यान्सरको निदानका क्रममा बचतका पुँजी देखि आम्दानीमा समेत असर गरी परिवारको आर्थिक स्थितिलाई नाजुक भएको छ । क्यान्सर लागेको पत्ता लागेपछि थुप्रै बिरामीहरु जस्तै चन्द्र न्यौपाने, किशोर मानन्धर, शैलेश ताम्राकार र नारायण थारूले आफ्नो कामबाट छिट्टै अवकाश लिन परेको थियो । जसका कारण उनीहरुको परिवारको आर्थिक स्थिति निकै मारमा परेको थियो किनकि उपचारका लागि निकै धेरै खर्च भएको थियो । त्यसैगरी घरको मुली बिरामी परेपछि चन्द्र न्यौपाने, नारायण थारू र ललित बलामीका छोराहरुले घरको जिम्मेवारी बहन गर्नु परेको छ । कोही बिरामीहरु जस्तै नारायण थारूले भने उपचार खर्च जुटाउनका लागि साथीहरु र आफन्तबाट ऋण लिएको बताएका छन् । कोही बिरामी जस्तै नारायण थारू, दिवस थापा, ललित बलामी र किशोर ताम्राकारले आफ्नो नाजुक आर्थिक स्थितिका कारण सरकारले क्यान्सरका बिरामीलाई प्रदान गर्ने १ लाख बराबरको सहयोग पनि प्राप्त गरेको जनाएका छन् ।

**अध्ययनमा सहभागी प्रायः** सबै जनाले आफूलाई आर्थिक भार परेको बताएका छन् भने निम्न सामाजिक र आय भएका बिरामीहरु निकै मारमा परेको देखिन्छ । सामान्य रुपमा सम्पन्न वर्गका बिरामी जस्तै राजन देवकोटा र शैलेश ताम्राकारले सजिलै उपचार का लागि खर्च जुटाएता पनि त्यो लागत अन्त अरु उत्पादनमूलक कार्यमा लगानी गर्न सकिने उनीहरुको दाबी छ । अर्को तर्फ बिपन्न वर्गका बिरामीहरु नारायण थारू, ललित बलामी र किशोर मानन्धर भने क्यानसरको उपचारमा लाग्ने लागतले आफूहरुलाई बिस्तारै गरिबीतिर धकेलेको महसुस गरेको बताएका छन् ।

यी मामिला अध्ययनलाई नियाल्दा बिरामीहरु आर्थिक चपेटामा परेका मात्र छैनन्, उनीहरुमा त्यो बाहेक अन्य पीडादायी असरहरु पनि स्पष्ट नै देखिन्छ । उदाहरणका लागि दिवस थापाले मुखको क्यान्सरको उपचार हुँदै गर्दा दुखाईको कारण अन्तरवार्ता दिन, बोल्न सकेका थिएनन् । उनका श्रीमतीले उनका बारेमा जानकारी दिएकी थिइन् । त्यस्तै किशोर मानन्धर पनि मुखमा भएको क्यान्सरका कारण विगत ६ महिना देखि तरल खाना मात्र खान परेको पिडा पोख्छन् ।

अर्को तर्फ क्यान्सरका बिरामी शैलेष ताम्राकार र क्यान्सरलाई पराजित गरिसकेका राजन देवकोटा आर्थिक, मानसिक र मनोवैज्ञानिक रुपमा सबल भएतापनि समाजले क्यान्सर भएका बिरामी भएकाले उनीहरुको आयु कम छ र छिट्टै मर्दैछन् भन्ने मानसिकताले गर्ने व्यवहार देखि आजित छन् । ताम्राकारलाई क्यान्सर लागेपछि उनको जीवनशैली र सामाजिक जीवनमा निकै परिवर्तन आएको छ । क्यान्सरले दिवस थापा र उनका परिवारमा उनको श्रीमती र छोराछोरीको भौतिक र मानसिक स्थितिलाई असर पारेको देखिन्छ । किशोर मानन्धरले पनि आफू बिरामी भए देखि मानसिक तनाव भएको बताएका छन् । ७८ वर्षीय चन्द्र न्यौपाने भने बृद्ध अवस्थामा आन्नदले बस्नुको सट्टा औषधि उपचारमा व्यस्त हुनु परेको भन्दै खेद प्रकट गर्दछन् ।

यस दस्ताबेजमा प्रस्तुत सबैको कथा पृथक र फरक छन् । तर सूर्तीजन्य पदार्थको सेवनका कारण क्यान्सर हुँदा बिरामी र उनका परिवारमा हुने नकारात्मक असर भने स्पष्ट छ । विशेषगरी औषधि उपचारमा लाग्ने विनाशकारी प्रभाव निम्न आयवर्गका परिवारमा निकै कहाली लाग्दो छ ।

## मामिला अध्ययन १ : किशोर मानन्धर (४५), मुखको क्यान्सर




*यो फोटो वास्तविक बिरामीको फोटो होइन*

मूल घर झापा भई हाल ललितपुर बसोबास गर्ने ४५ वर्षीय किशोर मानन्धर[38] (वास्तविक नाम परिवर्तन गरिएको छ) मुखको क्यान्सरका बिरामी हुन् । उनी पेसाले ड्राइभर हुन् र विगत ३२ वर्ष देखि सूर्तीजन्य पदार्थ, जस्तै सुर्ती सेवन गर्दथे । उनी एकल परिवारमा आफ्नो आमा, श्रीमती र तीन सन्तानका साथमा बस्छन् । उनको क्यान्सर तीन महिना अघि गत असोज २०७७ मा मात्र पत्ता लागेको थियो । अहिले उनी पाटन अस्पतालमा उपचारत् छन् । उनी सामान्य लेखपढ जानेका निम्न आय वर्गका परिवारका हुन् ।

६ महिना अघि उनको मुखमा निको नहुने गरी आएको घाउ असार २०७७ देखि पलाए पछि क्यान्सरका लक्षण देखा परेका हुन् । केही महिनासम्म त्यो घाउ दुखेको थिएन । त्यो घाउ निको पार्न गाँउका एक बाबाको परामर्श अनुसार गहुँतले मुख कुल्ला गर्दा घाऊ बल्भियो ।

कोभिडको महामारीको समयमा घाऊको दुखाई बढ्न थालेपछि उनले अस्पताल जान निकै प्रयास गरे तर असफल भए। त्यसपछि एक स्थानिक मेडिकल पसलमा गई औषधि किने जसले केही काम गरेन । आफन्त र परिवारका सदस्यको सुझाव अनुसार उनी पाटन अस्पतालमा उपचारका लागि आए र अहिले त्यहीँ किमोथेरापी गराउँदैछन् ।

## क्यान्सरले मानसिक तनाव र पिडादायी जीवन बनाएको छ

पाटन अस्पतालमा बायोप्सी गरेपछि मानन्धरको क्यान्सर पत्ता लाग्यो । तर उनको क्यान्सर कुन चरणमा छ भन्ने चाहीं पुष्टि भएको छैन । तीन महिनाको अन्तरालमा उनले दुई चरणको किमोथेरापी गरिसकेका छन् भने थप दुई चक्र किमोथेरापी गर्न बाँकी छ । त्यसका साथसाथै थप अरु टेस्ट र सर्जरी गर्नु पर्ने हुन्छ ।

प्राणघातक रोग क्यान्सरका कारण उनी शारीरिक र मानसिक तनावमा छन् । उनको मुखमा भएको घाउका कारण आवाजमा परिवर्तन भएको छ भने दुखाइका साथै खाने कुरा खान र श्वास(प्रश्वासमा पनि कठिनाइ भइरहेको छ । उनी विगत ६ महिनादेखि सिरिन्जको सहायताले तरल खाना खाँदै आएका छन् । उनले मुखमा भएको घाउका कारण मुख खोल्न नै कठिनाइ भएको पनि बताए ।

उनले साझा गरे,

**"मुखमा क्यान्सर हुँदा असहज हुनु स्वभाविक नै छ । ठोस खाना केही खान मिल्दैन । विगत ६ महिनादेखि सिरिन्जको सहायताले तरल खाने कुरा मात्र खाइरहेको छु । त्यसैले कहिल्यै पेट अघाउने गरी खान पाइन्न ।"**

उक्त घाउका कारण भएको पिडा त छँदै थिए, त्यसमाथि पनि सुरूसुरूमा उनी निकै उदास र निराश रहन्थे । तर चिकित्सकहरूसँग परामर्श लिइसकेपछि परिवार र साथी–भाईको साथ पाएर उनले क्यान्सर विरूद्ध लड्ने साहस जुटाएका छन् । उनको क्यान्सर पत्ता लागेको सुरूका दिनमा स(परिवार नै डराएका थिए तर समयसँगै उनका परिवार, साथी–भाई र छिमेकीले उनलाई साथ–समर्थन गर्न थाले । उनको बिमारीका कारण उनी र उनको परिवारको जीवनशैली खस्किँदै छ ।

[38]https://www.flickr.com/photos/77356400@N00/40320781283

## क्यान्सरको लडाईंमा आर्थिक भार कहालीलाग्दो छ

मानन्धरले आफ्नो क्यान्सरको उपचार सुरू गरेको भर्खर तीन महिना भयो र उनले अहिले सम्म एक लाख पचास हजार (१२७१.६६ अमेरिकी डलर) खर्च गरिसकेका छन् । बिपन्न परिवारका मानन्धरले आफन्त र छर–छिमेकबाट आर्थिक सहयोग पाइरहेका छन् । उनले आफन्त र छर–छिमेकबाट दश बीस हजार (८४.७४–१६९.४८) सहयोगका रूपमा लिइरहेका छन् । त्यसैगरी नेपाल सरकारले क्यान्सर बिरामीलाई प्रदान गर्ने एक लाख (८४७.३९ अमेरिकी डलर) सहुलियत पनि नगरपालिकाबाट पाएका छन् ।

क्यान्सरको लडाईमा आर्थिक भारले मानन्धरलाई निकै पिरोलेको छ । घरमा आम्दानीको श्रोत उनी मात्र थिए । उनलाई क्यान्सर भएदेखि काममा जान असक्षम छन् । त्यसमाथि पनि उनका परिवारका सदस्यहरु उनको हेरचाहमा खटिनु परेकाले उनीहरु पनि पैसा कमाउनका लागि कतै जान असक्षम छन् । त्यसैले उनी आफ्नो आर्थिक स्थितिलाई लिएर चिन्तित छन् । मानन्धर उनी अहिले बचत र छर–छिमेकीबाट अनुदानमा पाएको खानामा आश्रित छन् ।

आफ्नो अहिलेको अवस्था देखि आफै आत्तिएर उनी भन्छन्,

**“क्यान्सरको कारण मलाई निकै आर्थिक समस्या छ । उपचारका लागि मेरो अरू कुनै आम्दानीको श्रोत नभएकाले उपचार खर्च जुटाउन निकै गाह्रो छ ।”**

अहिले सम्म मानन्धरका परिवारले उनको उपचारका लागि जसोतसो खर्चको बन्दोबस्त गरेका छन् तर उपचारका थुप्रै चरण बाँकी नै छन् । क्यान्सरको अप्रत्याशित र खतरनाक प्रवृत्तिका कारण भविष्यमा हुन सक्ने आर्थिक संकटलाई लिएर उनी निकै चिन्तित छन् । तथापि उपचार पछि निको भई निरोगी हुने र सामान्य जीवन बिताउने कुरामा आशावादी पनि छन् । भविष्यमा सूर्तीजन्य पदार्थको नकारात्मक असरको बारेमा सचेतना जगाउने र कसैलाई पनि ती पदार्थहरु सेवन नगर्न हुन अनुरोध गर्ने गर्दछन् ।

उनले थपे,
**“म सबै जनालाई सूर्तीजन्य पदार्थको नकारात्मक असरको बारेमा सचेत गराउन चाहन्छु र कसैलाई पनि ती पदार्थहरू सेवन नगर्न हुन अनुरोध गर्दछु ।”**

## मामिला अध्ययन २: नारायण थारु (४९), श्वासप्रश्वासको नलीको क्यान्सर

श्री नारायण थारू (वास्तविक नाम परिवर्तन गरिएको), ४९[40] श्वासप्रश्वासको नलीको क्यान्सरका बिरामी हुन् । उनी मूलतः सर्लाहीका हुन् र हाल भक्तपुर मा बसोबास गरिरहेका छन् । २०७६ साउनमा उनको क्यान्सर पत्ता लागेको थियो । उनले जीवनको २५ वर्ष प्रति दिन १०–१२ खिल्ली चुरोट सेवन गर्ने गरेका थिए। उनको हाल भक्तपुर क्यान्सर अस्पतालमा उपचार भइरहेको छ । उनले धूम्रपान गर्नुको मुख्य कारण उनका धूम्रपान गर्ने साथीहरूको संगत थियो । उनी उपचारको लागि आफ्नी श्रीमतीसँग अस्पताल नजिकै बस्दै आएका छन् । बिरामी हुनु अगाडी उनी खेतीपाती गर्दथे र उनको मासिक आय रू. २०,००० (१७०.०८ अमेरिकी डलर[41]) थियो ।



*यो फोटो वास्तविक विरामीको फोटो होइन*

### विगतमा सस्तो चुरोट र सानले वर्तमानमा निम्त्यायो ठूलो आर्थिक भार

थारूलाई सन् २०१९ मा श्वासप्रश्वासको नलीको क्यान्सर (स्टेज-०१) भएको पत्ता लाग्यो । उनले किमोथेरापीको ५ चक्र पूरा गरिसकेका छन् र एउटा चक्र अझै बाँकी छ । उनलाई क्यान्सर जस्तो घातक रोग नलागेसम्म उनका परिवारका कुनै पनि सदस्यका लागि धूम्रपान गर्नु आपत्तिजनक थिएन, उनीहरूको लागि यो सानको कुरा थियो ।

[40]https://www.flickr.com/photos/35943421@N00/141637089

उनले भने, **"चुरोट सस्तोमा पाइए पनि हाम्रो लागि धूम्रपान गर्नु सानको कुरा थियो। यही कारणले मैले पनि चुरोट खरिद गर्न थाले।"**

अहिले क्यान्सर भएपछि भने उनले यसको नकारात्मक प्रभावको बारेमा बुझेका छन्। अहिले उनलाई उनको छोरालाई पनि भविष्यमा क्यान्सर लाग्ने हो की भन्ने डर लाग्छ किनकि उनको छोरा पनि धूम्रपान गर्छन। तर उनी अहिले आर्थिक रूपमा छोरामै निर्भर भएका कारणले उनलाई धूम्रपान नगर्न दबाब दिन डर लाग्ने कुरा पनि बताउँछन्।

उनी भन्छन्, **"म पनि म जवान हुँदादेखि नै साथीहरूको लहैलहैमा चुरोट सेवन गर्दथे। अहिले मेरो छोरो पनि यस्तै गर्दैछ। मैले उसलाई धूम्रपान गर्न रोकेमा ऊ रिसाउन सक्छ किनकि किनकि म उनकै कमाइमा आश्रित छु।"**

क्यान्सर जस्तो घातक रोगले थारूको काम र जीवनशैलीलाई असर गरेको छ। उनी क्यान्सर लाग्नु भन्दा अगाडी कृषिमा संलग्न थिए तर अहिले बिरामी परेपछि उनले उक्त पेशा छोड्नु परेको छ। उनी निम्न मध्यमवर्गीय परिवारका सदस्य भएकाले उनका परिवारका सदस्यहरु उनको लागि चिन्तित छन् र अन्य सामाजिक समस्याहरूबाट पीडित पनि छन्। यस बाहेक, उनी शारीरिक रूपमा कमजोर पनि भएका छन्। किमोथेरापीको कारण बारम्बार बान्ता हुने गरेकाले अहिले उनलाई आफ्नो धूम्रपान गर्ने बानी सम्झिँदा नराम्रो लाग्छ। उनी भन्छन्,

**"कमजोर भएको बेला म मेरो रोग र विगतको मेरो खराब बानी, सम्झिएर दुः ख महसुस गर्छु।"**

उनकी श्रीमती धेरै सहयोगी छिन् र उनको उपचारका समयमा सहयोग र साथ दिन्छिन्। श्रीमतीको समर्थनका कारण उनलाई क्यान्सरलाई हराउने हिम्मत आएको छ र यसमाथि विजयी हुने आशा राखेका छन्।

## क्यान्सरको निदानका लागि निकै आर्थिक लागत लाग्दछः स्वास्थ्यका जोखिमले आर्थिक संकट निम्त्याउँदछ

थारूको कमजोर आर्थिक अवस्थाको कारण, उनी र उनका परिवारका सदस्यहरु उनको स्वास्थ्योपचारका लागि चिन्तित छन्। उनको उपचारमा धेरै पैसा चाहिन्छ र उनीहरूको आम्दानीको एक मात्र स्रोत भनेको उनको छोरा हो। तत्कालीन समय सम्म उनको उपचार मा रू ८००,००० (६८०३ .०७ अमेरिकी डलर) खर्च भएको छ। उनले नेपाल सरकार द्वारा क्यान्सर बिरामीको लागि दिइने सहुलियत रकम रू १००,००० (८५०.३८ अमेरिकी डलर[42]) को सहयोग पाएका छन्। उनले रू ३००,००० (२५५१ .१५ अमेरिकी डलर) ऋण छोरी सँग र रू ११५,००० (९७७. ९४ अमेरिकी डलर[43]) ऋण  ज्वाइँसँग पनि लिएका छन्। यो बाहेकको अरु खर्च भने उनका छोराले गरेका छन्। उनी भन्छन्,

**"तल्लो मध्यम वर्गीय भएका कारण हामीलाई निकै गाह्रो भइरहेको छ। जसोतसो हामी उपचार को खर्च जुटाई रहेका छौं तर हामीलाई धेरै गाह्रो भइरहेको छ।"**

उनी उनको जीविका र उपचार को लागि पूर्णतया छोरामा निर्भर छन्, जो एक सवारि चालक हुन्। उनको छोराको मासिक आय करिब रू ३०,००० (२५२.३७ अमेरिकी डलर) हुन्छ। उनको कमाइले मात्र उपचारको खर्च टर्न नसक्ने र उनीहरूसँग बेचबिखन गर्नको लागि पनि अरु सम्पत्ती नभएका कारण अहिले उनीहरु आपत्तिजनक स्थितिमा छन्। त्यसमाथि अहिले उपचार का लागि दुधपटी, भक्तपुरमा बस्दा थप रू ५००० (४२.५२ अमेरिकी डलर) घर भाडा पनि तिर्नु पर्छ। यो सबै भारका कारण उनी र उनको परिवारलाई यस रोगसँग लड्न गाह्रो भइरहेको छ। उनले भने,

**"यो रोगको उपचारमा अधिक खर्च लाग्ने भएकाले यो रोग मेरो स्वास्थ्यको लागि चुनौतीपूर्ण छ।"**

## मामिला अध्ययन ३: ललित बलामी (५२), फोक्सोको क्यान्सर

ललित बलामी[44] (वास्तविक नाम परिवर्तन गरिएको), भक्तपुरमा बसो बास गरिरहेका ५२ वर्षीय फोक्सोको क्यान्सरका बिरामी हुन् । उनको क्यान्सर हालै २०७७ जेठ महिनामा पत्ता लागेको हो । जीवनको १५ वर्ष प्रति दिन १५ खिल्ली चुरोट खानुका साथै उनी मदिरा पनि सेवन गर्थे । उनी सानै उमेरमा साथीहरूबाट धूम्रपान गर्न प्रेरित भई धूम्रपान गर्न थालेका थिए र पछिल्लो समयमा उनी अत्यधिक  धूम्रपान गर्थे । उनले करीब २० वर्ष अगाडी नै धूम्रपान त्याग गरिसकेका थिए । उनी आफ्नो पत्नी र दुई छोराहरूका साथ एकल परिवारमा बस्दछन् । स्वस्थ हुँदा घरको आम्दानीको एक मात्र स्रोत उनी नै थिए । तर क्यान्सर लागेपश्चात्, घरको आर्थिक जिम्मेवारी उनका छोराहरूको भागमा पर्यो । त्यसमाथि पनि छोराहरूमा बलामीको क्यान्सरको उपचारमा लाग्ने भारी खर्चले थप जिम्मेवारी बोध गराएको छ ।



*यो फोटो वास्तविक बिरामीको फोटो होइन*

## क्यान्सर लागेपछिको जीवनमा आमूल परिवर्तन

बलामी को क्यान्सर २०७७ जेठ महिनामा भक्तपुर क्यान्सर अस्पतालमा विभिन्न परीक्षणपछि पत्ता लागेको थियो तर यो कुन चरणको क्यान्सर हो भनेर पत्ता भने लागिसकेको छैन । उनको क्यान्सर हड्डीमा पनि फैलिएको करणले उनको काँध पनि दुख्ने गरेको छ । हाल उनको भक्तपुर क्यान्सर अस्पतालमा उपचार भइरहेको छ। उनले किमोथेरापीको ९ वटा चक्र पूरा गरिसकेका छन् जसले उनलाई शारीरिक रूपले कमजोर र बिरामी बनाएको छ । उनलाई मानसिक रूपमा पनि उत्तिकै तनाव छ जसको कारणले उनले गाडी चलाउने कामलाई निरन्तरता दिन सकेका छैनन् । उनले भने,

**"मेरो किमोथेरापीको लागि म लगातार अस्पताल जानुपर्दछ र यसका दुष्प्रभावका कारण मैले धेरै स्वास्थ्य समस्या भोग्नु परेको छ । यसकारणले, म आफ्नो काम जारी राख्ने बारेमा सोच्न सक्दिन ।"**

परिवारका सदस्यहरूले उनको क्यान्सरको बारेमा थाहा पाए पछि सबै सदस्यहरु तनावग्रस्त भएका थिए । किमोथेरापीको बेला उनी पीडाले ग्रस्त भएकोले परिवारका सबै सदस्यहरु चिन्तित भएका छन् । यसको बाबजुद पनि उनले आफ्ना छोरा र परिवार का सदस्यहरूको पूर्ण समर्थन पाएका छन् । क्यान्सरका कारण श्री बलामी र उनका परिवारका सदस्यहरूको जीवनको गुणस्तर मा कमी आएको छ । यसैकारण उनका छोराहरूले उनको हेरचाहका लागि समय प्रबन्ध गर्दै आएका छन् ।
बलामी भन्छन् ,

**"मेरो जीवनस्तर पनि खस्किएको छ । क्यान्सरको हुनु भन्दा पहिले, म दुखाई सहेर काम गर्ने गर्थें तर अव स्वास्थ्य समस्याका कारण म काम गर्न सक्दिन । म यहाँ मेरो काँधको दुखाईको उपचार गर्न आएको थिए तर दुखाई कम भएको छैन । उपचार गरेको  ६ महिना पश्चात पनि  मेरो काँध अझै दुखिरहेको छ । यस पीडाको कारण, म पहिला जस्तो आफ्नो जीवनको मजा लिनर खुसी हुन सक्दिन ।"**

उनी र उनको छोरा मिलेर आफ्नो धूम्रपान गर्ने बानीमा पछुतो गर्दै स्वास्थ्य नै ठूलो धन हो र धूम्रपान स्वास्थ्यको लागि हानिकारक छ भन्ने सन्देशको प्रचार गरिरहेका छन् । उनले भने,

**"यदि मैले विगतमा धूम्रपान र मद्यपान नगरेको भए, आज मलाई क्यान्सर लाग्दैन थियो होला । म सबैलाई धूम्रपान र मद्यपान नगर्न आग्रह गर्दछु ।"**

[41]https://search.creativecommons.org/photos/1ffce307-0262-4452-9360-243e723617ae

## क्यान्सरको महङ्गो उपचारले गरिबीतिर धकेल्दै

क्यान्सरको निदान पछि र सम्बन्धित स्वास्थ्य समस्या, शारीरिक पीडा, र मानसिक तनावका कारण बलामीले आफ्नो काम जारी राख्न सकेका छैनन् । उनले जागिर छोडेको ७ महिना भइसकेको छ, जहाँबाट उनले मासिक रू १५०००-२०००० (१२७.५६-१७०.०८ अमेरिकी डलर) कमाउँथे । अहिले उनी उनको छोराहरूको कमाइमा निर्भर छन्, जुन उनको मासिक कमाइ बराबर छ । उनका दुवै छोराहरूले उनीहरूको कमाइ र बचत अनि समय बुवाको उपचार र हेरचाहको लागी खर्चिरहेका छन् । अहिलेसम्म क्यान्सरको निदान र उपचारका लागि औसत रू ४००,००० (३४०१ .५४ अमेरिकी डलर) खर्च भैसकेको छ । उनले नेपाल सरकारद्वारा क्यान्सर बिरामीको लागि दिइने सहुलियत रकम रू १००,००० (८५०.३८ अमेरिकी डलर) को सहयोग पाएका छन् । उनीहरूले बचत गरेको सम्पत्ति पनि क्यान्सर उपचारमा प्रयोग भएर सकिँदै छ । उनले कमाउन नसकेका कारण उनका छोराहरूको लागि आर्थिक भार बढेको छ । उनलाई परिवारको खस्किदो आर्थिक अवस्था देखेर निकै चिन्ता लाग्छ ।
उनी भन्छन् ,

**"क्यान्सर निकै नै खतरनाक र महँगो रोग भएकाले हामीलाई आर्थिक कठिनाइ पर्ने डर लाग्छ । अरू रोग भएको भए म यति चिन्तित हुँदिन थिएँ होला । तर यो क्यान्सर हो जुन धेरै नै अकल्पनीय हुन्छ ।"**

## मामिला अध्ययन ४: चन्द्र न्यौपाने (७९), फोक्सोको क्यान्सर



*यो फोटो वास्तविक बिरामीको फोटो होइन*

श्री चन्द्र न्यौपाने[47] (वास्तविक नाम परिवर्तन गरिएको), ७९ वर्षीय फोक्सोको क्यान्सरका बिरामी हुन् । उनी मूल घर बाग्लुङ भई हाल काठमान्डौ बस्दै आएका छन् । २०७६ साल कार्तिक महिनामा ७८ वर्ष को उमेरमा उनलाई क्यान्सर देखिएपछि अहिले उनी भक्तपुर क्यान्सर अस्पतालमा उपचाररत छन् । जीवनको ४२ वर्ष प्रति दिन ८-१० खिल्ली चुरोट खानुका साथै उनी अन्य सूर्तिजन्य पदार्थ जस्तै गुड्का, खैनि, सुर्ती आदि पनि कहिलेकाहीँ सेवन गर्थे । उनी एक औसत शिक्षा प्राप्त गरेका किसान हुन् । लामो समयसम्म खकारबाट रगत आएपछि उपचारका लागि दुइवटा अस्पताल धाए पछि उनको रोग पत्ता लाग्यो । अहिले उनी तेस्रो अस्पताल, भक्तपुर क्यान्सर अस्पतालमा उपचाररत छन् । क्यान्सर का कारण उनले उनको पेशालाई निरन्तरता दिन नसकेकाले अहिले उनी उनको छोरामा निर्भर छन् जो एक व्यापारी हुन् । बुबाको क्यान्सरको उपचारमा निकै खर्च भएका कारण उनको बचत पनि रित्तिँदै छ । कोभिडको महामारीमा न्यौपानेको स्वास्थ्य अवस्था नाजुक हुँदै गएको छ जसले गर्दा घरपरिवार चिन्तित छन् ।

## क्यान्सर लागे पछि कोभिडको सङ्क्रमणकालको बेलामा जीवन नाजुक बनेको छ

न्यौपानेलाई ७८ वर्षको नाजुक उमेरमा तह-३ को फोक्सोको क्यान्सर पत्ता लागेको थियो । उपयुक्त उपचारको खोजीमा सुरूको ३ महिना उनले अयुर्वेदिक औषधि प्रयोग गरे । यसमा प्रति महिना रू ५०००० (४२५ .१९ अमेरिकी डलर[48]) खर्च हुन्थ्यो । अहिले उनी भक्तपुर क्यान्सर अस्पतालमा किमोथेरापी उपचार गरिरहेका छन् । उनले किमोथेरापीको ४ वटा चक्र पूरा गरिसकेका छन् र २ वटा चक्र अझै बाँकी छन् ।

क्यान्सरले उनी र उनको परिवारका सदस्यको दैनिक जीवन र व्यावसायिक जीवनलाई असर गरेको छ। उनी क्यान्सरको निदान भन्दा अघि बेफिक्री थिए तर अब उनी भन्छन,

[43]https://search.creativecommons.org/photos/1ffce307-0262-4452-9360-243e723617ae

**"मेरो स्वास्थ्य एकदम संवेदनशील भएको छ। म मेरो खाने बानीमा पनि होसियार हुनुपर्छ। क्यान्सर निदान हुनु अघि मैले खान सक्ने चीजहरू म अहिले खान सक्दिन।"**

यसबाहेक, उनी बेफिक्री बाहिर निस्किन पाउँदैनन् । कोभिड-१९ को महामारीले उनको जीवन अझ कठिन पारेको छ, किनभने यस रोगले क्यान्सर जस्तो रोग लागेका र कम प्रतिरोधात्मक क्षमता भएका मानिसलाई झन गाह्रो बनाउँछ ।
उनले साझा गरे,

**"किमोथेरापीको कारण मेरा एन्टिबडीहरू केही हदसम्म प्रभावित भएका छन्, त्यसैले बाहिर जानु अघि मैले उच्च सावधानी अपनाउनु पर्दछ।"**

कोभिड-१९ को महामारीको समयमा पनि किमोथेरापीका लागि अस्पताल धाई राख्नु परेकाले उनीहरूलाई कोरोनाको पनि उत्तिकै डर छ र यसै कारण उनीहरु चिन्तित पनि छन् । सुरूको चरणमा उनलाई कठिनाइ र दर्दनाक पीडा भएतापनि, उनको परिवारका सदस्य, छोराहरु र श्रीमतीबाट भने पूर्ण सहयोग प्राप्त भएको छ । उनलाई उनको जेठो छोराले भावनात्मक तथा आर्थिक सहयोग दिँदै छन् । उनलाई किमोथेरापीका लागि अस्पताल लगिराख्नुपरेकाले उनको छोराको जीवन र व्यवसायमा पनि नकारात्मक असर परेको छ ।

## चिन्ताजनक आर्थिक स्थिति: बचत रित्तिँदै

क्यान्सर पत्ता लागेको १० महिनामा नै उनको रू ५०००० (४२१९ .९१ अमेरिकी डलर) उपचारका लागि खर्च भइसकेको छ । उनको उपचारको सबै खर्च उनका छोराले बेहोरेका छन जसको मासिक आय रू ५०००० (४२१ .९९० अमेरिकी डलर) रहेको छ । उनको छोराले आफ्नो बचत, आफ्नो बुबाको उपचारको लागि खर्च गर्दै आएका छन् जुन अहिले सकिने अवस्थामा छ । उपचारको खर्च बाहेक कीर्तिपुर काठमाडौबाट दुधपाटी भक्तपुर सम्मको यात्राको खर्च पनि धेरै हुने उनले बताए । क्यान्सरले उनीहरूको वित्तीय गतिविधिहरूमा पनि असर गरेको छ ।
उनी भन्छन्,

**"मेरो क्यान्सर पत्ता लाग्नु अघि हाम्रो मासिक खर्च कटाएर मेरो जेठो छोराको थोरै भएपनि बचत हुन्थ्यो तर अब उनीसँग हाम्रो घर खर्च र मेरो क्यान्सर उपचारका कारण कुनै बचत छैन। अहिलेसम्म हाम्रो परिवारले आफ्नो खर्च जुनसुकै तरिकामा व्यवस्थापन गरिरहेको छ तर यदि क्यान्सर उपचार जारी रह्यो भने हामीलाई निकट भविष्यमा नै रोगको खतरनाक र अप्रत्याशित प्रकृतिको कारण वित्तीय संकटको डर छ।"**

उनका परिवारले उनको उपचारका लागि जसोतसो खर्च त जुटाई रहेका छन् तर आउँदा दिनहरूमा क्यान्सरको अप्रत्यासित प्रवृत्तिका कारण आर्थिक संकट आइपर्ने देखिन्छ ।

**"क्यान्सरको पूर्ण रूपमा उपचार नभएसम्म मेरो उपचारमा अझै धेरै खर्च लाग्छ। म र मेरो परिवारका सदस्यहरूले आर्थिक समस्याको सामना गरिरहेका छौं भनेर भन्न सकिन्छ।"**

## मामिला अध्ययन ५: दिवस थापा (४६), मुखको क्यान्सरका बिरामी



*यो फोटो वास्तविक बिरामीको फोटो होइन*

मूल घर झापा भई, हाल काठमाडौंमा बसोबास गरिरहेका ४६ वर्षीय दिवस थापा[49] (वास्तविक नाम परिवर्तन गरिएको) मुखको क्यान्सरका बिरामी हुन् । उनी कनसल्ट्यान्सी व्यापारमा सङ्लग्न छन्। उनी दिनमा ४-५ खिल्ली चुरोट खानुका साथै, अन्य सूर्तिजन्य पदार्थ र मादक पदार्थ पनि सेवन गर्दथे । उनले १६ वर्षको उमेरदेखि साथीहरूको सङ्गतमा लगेर धूम्रपान गर्न थालेका थिए । उनको क्यान्सर गत मे महिना २०२० मा पत्ता लागेपछि भने उनले सबै सूर्तिजन्य पदार्थ र मादक पदार्थको सेवन बन्द गरेका छन् । उनको क्यान्सर पत्ता लागेपछि उनका परिवार चिन्तित र स्तब्ध छन् ।

उनले आफ्नो रोगको निदानका लागि काठमाडौँका तीन निजी अस्पतालहरु भ्रमण गरे । कोभिड-१९ को महामारी जताततै भएकाले, उनको राम्रोसँग जाँच भएन र विभिन्न औषधीहरु सेवन गर्नुका साथै विभिन्न परीक्षणहरु गर्नुपर्यो । तेस्रो अस्पतालमा उनको क्यान्सर पक्का भएपछि उनले चौथो सार्वजनिक अस्पताल, भक्तपुर क्यान्सर अस्पतालमा उपचार सुरू गरे । उनको मुखको क्यान्सरको उपचार भइरहेको कारण उनले बोल्न सकेनन् र उनकी श्रीमतीले उनको तर्फबाट अन्तरवार्ता दिएकी हुन् ।

## क्यान्सर पत्ता लाग्दा क्षेत्री लगायत स-परिवार छाँगाबाट खसेका थिए

थापालाई केही महिना अगाडि २०२० मा नै स्टेज-३ को मुखको क्यान्सर पत्ता लागेको थियो। अहिले सम्म उनले किमोथेरापीको ३ चक्र पूरा गरिसकेका छन भने रेडियोथेरापीको ५ चक्र पुरा गर्न बाँकी नै छ ।

अरु कुनै पनि प्रकारको रोग नभएको र घरमा अरु कसैलाई पनि पहिला क्यान्सर नभएका कारणले, उनलाई क्यान्सर लागेको पत्ता लाग्दा सबै चकित भएका थिए । उनकी श्रीमती ले भनिन्,

**"मेरो श्रीमान् क्यान्सरले ग्रस्त भएपछि सम्पूर्ण परिवार र साथीहरू एक हप्तासम्म स्तब्ध भयौं । हामी धेरै तनावग्रस्त पनि थियौ । घर मा सबैजना एक हप्ताको लागि मौन र निराश थिए । त्यसपछि बिस्तारै हामीले यसलाई स्वीकार्यौं र सामान्य हुन थाल्यौं ।"**

नेपालमा पुरूषलाई घरको खाँबो मानिन्छ, जसले घर थाम्दछ । उनलाई मुखको क्यान्सर भएको पत्ता लागेपछि, बच्चाहरु लगायत घरका सबै सदस्यहरु घरको आर्थिक स्थितिको बारेमा चिन्तित र निराश भएका थिए । सुरूवाती चरणमा उनको बिमारी सबै को लागि आघात भएता पनि, अहिले घरका सम्पूर्ण सदस्यहरु, बुबाआमा, पत्नी, भाइ र दुई बच्चाहरूको उनलाई पूर्ण सहयोग र समर्थन छ । उनकी श्रीमतीले पनि उनलाई सहयोग गर्छिन् र उनको खानपिनको उचित हेरविचार पनि गर्छिन । तर कहिले काहिँ उनी आफ्नो बानीको बारेमा नराम्रो महसुस गर्छन् । उनकी पत्नीले भनिन्,

**"उहाँको खराब बानीका कारण उहाँ र सम्पूर्ण परिवारले दुःख पाएकोमा उहाँ आफूलाई कहिलेकाहीँ दोषी मान्नुहुन्छ ।"**

मानसिक तनावका साथै किमोथेरापीका कारण उनी शारीरिक रूपमा पनि कम्जोर भएका छन् । उनी यस अन्तरवार्तामा बोल्न नसक्नुले यो कुरा प्रस्ट पार्छ ।

## कोभिडको महामारीको बेला आर्थिक चपेटामा क्यान्सर बिरामी

क्यान्सर निदान भएको केबल ६ महिनामा नै यस रोगको निदान, उपचार, औषधी र खानपिनमा करिब रू ७००,०००-रू ८००,००० (५,९५२.६९-६,८०३.०७ अमेरिकी डलर) खर्च भएको छ । उनले किमोथेरापी, रेडियोथेरापी र औषधिहरूको लागि खर्च गर्दै आएका छन् । त्यस्तै पेप्सीकोलामा अस्थायी बसोबास गरेको घर भाडामा प्रतिमहिना रू १५,००० (१२६७.५६ अमेरिकी डलर) खर्च हुन्छ । उनले नेपाल सरकारद्वारा क्यान्सर बिरामीको लागि दिइने सहुलियत रकम रू १००,००० (८५० .३८ अमेरिकी डलर) को सहयोग पाएका छन् ।

[43]https://search.creativecommons.org/photos/1ffce307-0262-4452-9360-243e723617ae

यस रोगले गर्दा उनले व्यापारमा समय दिन नपाएकाले उनको व्यवसायमा नकारात्मक असर परेको छ । उनीसँगै, उनकी श्रीमतीले पनि आफ्नो समय उनको उपचार र कल्याणका लागि समर्पित गरेकी छिन् । उनी श्रीमान् सँग अस्पताल जाने देखी उनको खानाको सन्तुलन क्यान्सरको नकारात्मक भोगाइलाई सम्झिदैँ उनी उनको पतिको तर्फ बाट यस्तो सन्देश दिन्छिन्

**"क्यान्सरका कुनै पनि लक्षणका बारे सचेत रहन र कुनै पनि प्रकारको सूर्तीजन्य पदार्थबाट टाढा रहन जरूरी छ।"**

उनले जोड दिदै भनिन्

**"नेपालमा सूर्तीजन्य पदार्थको आयात र प्रयोगका नियमहरूमा सरकारले कडा निगरानी गर्नु पर्छ।"**

## मामिला अध्ययन ६: शैलेश ताम्राकार (६३), फोक्सोको क्यान्सर



*यो फोटो वास्तविक बिरामीको फोटो होइन*

श्री शैलेश ताम्राकार (वास्तविक नाम परिवर्तन गरिएको छ)[52], ६३ वर्षीय काठमाडौँ निवासी सेवा निवृत्त प्रोफेसर हुन् जो फोक्सोको क्यान्सरको सिकार बनेका छन् । उनी दुई सन्तान र उनकी आमा सहित चार सदस्यको शिक्षित तथा सम्पन्न परिवारका सदस्य हुन् । उनको मासिक आम्दानी उनले पाउने पेन्सन रू ४०००० (३४०.१५ अमेरिकी डलर) रहेको छ । उनले दैनिक धूम्रपान नगरेपनि, जमघट र पार्टीमा सामाजिक बन्नकार घुलमिल हुनका लागि धूम्रपान भने गर्थे । उनी जीवनको ३२ वर्ष सम्म कहिले दिनको शून्य त कहिलेकाँही दिनको ३-४ स्टिक चुरोट सेवन गर्दथे ।

उनी दैनिक धूम्रपान गर्ने व्यक्ति थिएनन् । यद्यपि सन् २०१७ मा, उनलाई फोक्सोको क्यान्सर (स्टेज-३) भएको पत्ता लाग्यो । उनलाई पेटमा दुखाई र कठिनाइ भएपछि उपचारका क्रममा नेपाल क्यान्सर अस्पताल र अनुसन्धान केन्द्रका क्यान्सर विशेषज्ञले हरिसिद्धि, ललितपुरमा सीटी निर्देशित बायोप्सीबाट क्यान्सरको पुष्टि गरे ।

१२ चरणको किमोथेरापीले उनलाई थकित बनाएको छ भने ओरल किमोथेरापी कारण ग्यास्ट्रिकले पनि निकै गाह्रो बनाएको छ । उपचारका लागि प्रयोग गरिएको किमोथेरापीका धेरै चक्रहरूले अम्लपित्तको समस्या निम्त्याउनुका साथै उनलाई कमजोर पनि बनायो । उनलाई लागेको क्यान्सर पूर्णतया उपचार नहुने प्रकारको हो जसलाई नियन्त्रणमा मात्र राख्न मिल्छ यसका कारण उनको काम र सामाजिक जीवन दुबैमा निकै असर पर्न थाल्यो । क्यान्सरका कारण उनले भौतिक, मानसिक र मनोवैज्ञानिक कठिनाइहरु भोग्नुपर्यो । साथै उनले क्यान्सरको उपचारमा पनि धेरै आर्थिक खर्च पनि बेहोर्नु परिरहेको छ ।

### क्यान्सर लागेपछिको व्यावसायिक जीवन

उनलाई लागेको क्यान्सर पूर्णतया उपचार नहुने प्रकारको हो भन्ने कुराको जानकारी पाएपछि उनी छाँगाबाट खसेका थिए । उनको आत्मबल निकै कमजोर भएको थियो र उनलाई अब मेरो जीवनको अन्त्य हुँदै छ जस्तो लागेको थियो ।
उनले भने

[44]https://search.creativecommons.org/photos/1ffce307-0262-4452-9360-243e723617ae

*"जब मेरो क्यान्सरको पुष्टि भयो तब म क्यान्सरको सामना गर्न तयार थिइन । मलाई आफ्नो परिवार र बच्चाहरूको भविष्यको निकै चिन्ता भयो ।"*

श्री शैलेशलाई तह-३ को फोक्सोको क्यान्सर भएको थियो जसमा मुखबाट गरिने किमोथेरापीका धेरै चक्रहरु आवश्यक पर्दछन् । उपचारका लागि प्रयोग गरिएको किमोथेरापीका धेरै चक्रहरूले अम्लपित्तको समस्या निम्त्याउनुका साथै उनलाई कमजोर पनि बनायो । क्यान्सरको कारण उनले जागिरमा धेरै बिदाहरु लिनुका साथै वास्तविक अवकाश लिने समयभन्दा एक वर्ष अघि नै अवकाश लिनु पर्यो ।

यद्यपि यस क्यान्सरले उनको व्यावसायिक जीवनलाई पक्कै पनि असर पारेको छ । उनको काम गर्ने दक्षता कम हुनुका साथै काम गर्ने तरिकामा पनि परिवर्तन भएको छ । अहिले उनले परियोजनाहरु लचिलो समयसीमाका साथ लिने गरेका छन् किनभने उनी पहिले जस्तो दबाबमा काम गर्न असमर्थ छन् । उनले आफ्नो काम घर वा कार्यालय भित्र मात्र सीमित राखेका छन् ।

*"मेरो सेवा निवृत्ति पछि, म अझै धेरै परामर्शको लागी कल प्राप्त गरिरहन्छु तर मैले कामको भार कटौती गरेको छु । म बाहिरी क्षेत्रमा जान सक्दिन तर यसको सट्टामा क्षेत्रबाट निर्मित रिपोर्टमा सल्लाह सहयोग भने दिन्छु। पहिले जस्तो, म परामर्शका कार्यहरूलाई पूर्ण समय दिन सक्दिन, म आजकाल खाली समयमा मात्र काम गर्दछु ।"*

## आफ्नो जीवनशैली र सामाजिक जीवनमा परिवर्तन गर्न बाध्य

व्यावसायिक जीवनमा मात्र नभई यस रोगका कारण उनको जीवनशैली तथा सामाजिक जीवनमा पनि परिवर्तन आयो । क्यान्सर पत्ता लागेपछि, उनले धूम्रपान र मदिरा सेवन गर्न छोडेर स्वस्थ खानेकुरा खाँदै स्वस्थ जीवनशैली अपनाएका छन् । उनी अहिले कम मसलादार र स्वस्थ खानेकुरा सेवन गर्छन् । उनी धेरै सामाजिक व्यक्ति थिए तर क्यान्सरपश्चात साथी -भाईसँगको भेटघाटका गतिविधिहरु र भेलामा उनको संलग्नता कम भएको छ । क्यान्सर रोगको निदानपछि उनी र उनका परिवारका सदस्यहरूले मनोवैज्ञानिक, सामाजिक र मानसिक तनावको थोरै अनुभव गरेका छन् । उनका आफन्त र साथीहरूले उनको क्यान्सरको बारेमा थाहा पाए पछि उनलाई अत्यन्त बिरामीको रूपमा व्यवहार गरे र उनलाई फेरि कहिल्यै भेट्न नपाउने जसरी बिदा गरे । उनले भने,

*"मेरो क्यान्सरको बारेमा कसैलाई थाहा हुनु भन्दा पहिले, हामी आपसमा सामान्य गफगाफ र रमाइलो गर्थ्यौं तर मेरो क्यान्सरको बारेमा थाहा पाएपछि उनीहरूले मलाई मेरो घरमा भेट्न रूचाए र कहिल्यै भेट नहुने जसरी कुरा गरे । उनीहरूको कुराकानीबाट मैले महसुस गरेँ कि उनीहरूको विचारमा त्यो हाम्रो अन्तिम भेट पनि हुन सक्थ्यो ।"*

यो कुराले उनलाई र परिवारका सदस्यहरूलाई झन् चिन्तित तुल्यायो । उनको स्वास्थ्य अवस्थाको बारेमा बारम्बार सोधपुछ, उनको व्यक्तिगत जीवनमाथि हस्तक्षेप तथा बारम्बार उनको आयु कम भएको महसुस गराउँदा उनलाई निकै चिढचिढाहट र तनाव हुन्छ । उनले क्यान्सरसँग सम्बन्धित शारीरिक, मानसिक र मनोवैज्ञानिक संघर्षहरूको सामना गर्नु परेको छ । यसले संकेत गर्दछ कि हाम्रो समाजमा अझै क्यान्सर बिरामीहरूसँग उचित व्यवहार गरिँदैन ।

## आर्थिक श्रोत उपचारमा मोडिँदाको प्रभाव

क्यान्सरको निदानले शैलेश जीको व्यक्तिगत र सामाजिक जीवनलाई मात्र असर गरेको छैन, यसले उनीहरूको आर्थिक जीवनलाई पनि असर गरेको छ । क्यान्सरको निदान र उपचारका लागि झण्डै रू १८-२० लाख (१५,३०६.९-१७००७.६९ अमेरिकी डलर) खर्च भएको थियो । क्यान्सर पत्ता लगाउन र पुष्टि गर्नको लागी मात्र पीईटी (पोसिट्रन उत्सर्जन टोमोग्राफी) स्क्यान, एपिडर्मल ग्रोथ फ्याक्टर रिसेप्टर टेस्ट जस्ता विभिन्न परीक्षणमा धेरै खर्च भयो। परीक्षणको माध्यमबाट पुष्टि भएपछि उनले नेपाल क्यान्सर अस्पताल र रिसर्च सेन्टरमा मौखिक किमोथेरापी शुरु गरे । शुभचिन्तकहरूको सुझाव सँगै राम्रो उपचार हुने आशाका साथ उनले भारतका तीनवटा विभिन्न अस्पतालहरु पनि भ्रमण गरे जसको कारण खर्च अझै बढ्यो ।

क्यान्सरको गाँठोको आकार घटेको जाँच्नको लागि प्रत्येक ३ महिनामा सीटी स्क्यान गरिनुपर्ने भएकाले झन बढी खर्च भएको उनी बताउँछन् । मौखिक किमोथेरापीको दुई वर्ष पछि उनको गाँठो फेरि बढिरहेको बढेको कारण उनले EFGR परीक्षण पछि किमोथेरापी गर्न थाले । फोक्सोको लम्पको आकार घटाउन उनले १२ साइकल पूरा गरिसकेका छन् र यसमा ठूलो रकम पनि खर्च भई सकेको छ । वर्तमानमा उनी फोक्सोको गाँठोको आकारको ज्ञान राख्न प्रत्येक दुई महिनामा औषधि र सीटी स्क्यानमा खर्च गर्दैछन् । यदि उनलाई क्यान्सर नभएको भए क्यान्सरमा लाग्ने लागत अन्य लाभकारी कार्यहरूमा लगानी गर्न सकिन्थ्यो भन्ने कुरामा उनले जोड दिए। उनी भन्छन्,

**"क्यान्सरको उपचार मेरो जीवनमा अतिरिक्त खर्च हो । अर्को तरिकाले हेर्दा, मलाई लाग्छ मेरो पिउने र धूम्रपानको लागि हुने खर्च मेरो क्यान्सर उपचारमा भयो । म स्वस्थ भएको भए विश्वव्यापी यात्राको लागि ती खर्चहरू खर्च गर्न सक्थें ।"**

सूर्तीजन्य पदार्थको सेवनको कारण क्यान्सरबाट ग्रस्त हुनुभएकोले, उहाँसँग अन्य प्रयोगकर्ताहरु र सामान्य मानिसहरूको लागी धेरै राम्रो सन्देश छः

**"म सबै मानिसहरूलाई सन्देश दिन चाहान्छु कि निकोटिन र सूर्तिजन्य पदार्थहरूलाई पूर्णरूपले त्याग्नु पर्छ किनभने त्यस्ता उत्पादनहरू प्रयोग गर्दा कुनै फाइदा हुँदैन र स्वास्थ्य समस्या मात्र हुन्छ ।"**

## मामिला अध्ययन ७: राजन देवकोटा (६४), घाँटीको क्यान्सर

राजन देवकोटा[55] (वास्तविक नाम परिवर्तन गरिएको), ६४ वर्षीय क्यान्सरबाट बचेका व्यक्ति हुन् । उनले आफूले क्यान्सरमाथि विजय गरेको अनुभव साझा गरिरहेका छन्। उनी हाल काठमाडौंमा बस्दै आएका छन्। उनी विद्युतीय सवारी साधनको व्यवसायमा संलग्न हुनुका साथै एक सक्रिय सामाजिक कार्यकर्ता पनि हुन् । पछिल्लो पटक वडा प्रमुख रहेका देवकोटा, हाल एकल परिवारमा बसिरहेका छन् र उनको मासिक आय औसतमा रू ५०,००० (४२५।१९ अमेरिकी डलर[56]) रहेको छ ।



*यो फोटो वास्तविक बिरामीको फोटो होइन*

जीवनको ३०-३५ वर्ष (दिनको ६-८ पटक) धूम्रपान गरेका देवकोटा, घाँटीको क्यान्सर जस्तो जीवनघातक रोगसँगको लडाई जित्न सफल व्यक्ति हुन् । क्यान्सरका कारण उनको आवाज बिग्रिएकाले राजनीतिक जीवनमा असर पर्नुका साथै उनले ठूलो आर्थिक क्षति पनि सहनु परेको थियो । यस रोगका कारण जीवनको गुणस्तर पनि घटेको उनको धारणा रहेको छ ।

### क्यान्सरको कारण मानसिक तथा शारीरिक असर

उनको क्यान्सर सन् २०१० मा पत्ता लाग्दा उनी ५४ वर्षका थिए । उनी निकै आत्मबल बलियो भएका व्यक्ति भएतापनि आफ्नो किमोथेरापी र रेडियोथेरापीको रिपोर्ट आउने बेलामा डराएको अनुभव सम्झँदै भन्छन,

**"किमोथेरापी र रेडियोथेरापीको रिपोर्ट आउने बेलामा म निकै डराएको थिएँ ।"**

किमोथेरापीका कारण विकृत भएको आवाज र शारीरिक दुर्बलताले भने उनको राजनीतिक पेशामा ठूलो असर गर्यो ।

[45]https://www.flickr.com/photos/147139101@N07/27831007318

राजनीतिज्ञ भएको कारण उनलाई जनभाषणको शौख थियो र विभिन्न वार्तालाप कार्यक्रमहरूमा भाषण पनि दिन्थे तर विकिरणर किमोथेरापीका उपचारले उनलाई केही महिना कमजोर बनायो । उनको आवाज पनि परिवर्तन भएको थियो । यसको बाबजुद उनको सामाजिक सेवा अझै जारी छ । क्यान्सरको उपचारपछि उनको घाँटी सुख्खा हुने गर्थ्यो । आन्द्रा नली पनि खुम्चिएको थियो । त्यसैले आफूलाई स्वस्थ राख्न कम मसला भएको तातो खानेकुरा, तातो पानीको नियमित सेवन र नियमित व्यायाम गरेर स्वस्थ जीवनशैली अपनाएको उनी बताउँछन् ।

**"म क्यान्सरलाई मार्न सक्छु र क्यान्सरले मलाई मार्न सक्दैन ।"** भन्ने भनाईलाई उनले सधैं आत्मसाथ गरे ।

देवकोटाको क्यान्सरको कारणले उनलाई मात्र नभएर उनकी श्रीमतीलाई पनि नकारात्मक असर परेको थियो । श्रीमान देवकोटाको उपचारको लागि भारत जानलाई लामो समय आफ्नो कामबाट बिदा लिनु पर्दा उनको श्रीमतीको जीवनशैली र पेशागत जीवनमा पनि केही प्रभाव परेको थियो । शुभचिन्तकहरूबाट दोहोर्याइएको प्रश्नहरूले भने उनलाई दुःखी पार्छ किनकि उनले क्यान्सरलाई जितिसकेका छन् र शारीरिक र मानसिक रूपमा अब तन्दुरूस्त छन् । उनी क्यान्सर हुँदाको अनुभव फेरी सम्झन चाहन्नन् र शुभचिन्तकहरूले पनि उनलाई स्वस्थ व्यक्तीको रूपमा स्वीकार गरेको हेर्न चाहन्छन् । उनको अनुभवले हाम्रो समाजमा क्यान्सर बाट बचेकाहरु प्रति रहेको सामाजिक सोचाई देखाउँदछ ।

## क्यान्सरको उपचारले गर्दा भएको अत्यधिक आर्थिक असर

क्यान्सर पत्ता लागे देखी उपचारको क्रममा उपचार खर्च तथा यातायात, खाद्यान्न, बसोबास र उपचारका क्रममा सँगै भएका परिवारका सदस्यका लागि भएको खर्च गरी लगभग रू २०,००,००० देखी २५,००,००० (१७००७.६८-२१२५९.५९ अमेरिकी डलर) खर्च भएको उनी बताउँछन । देवकोटा जी आफै पनि व्यवसायी भएकाले र उनको घर भाडाको आम्दानी र श्रीमतीको पनि जागिर भएकाले उपचारको लागि रकम जुटाउन उनलाई अलि सजिलो भएको थियो । उनले उपचारको क्रममा कुनै पनि बाहिरी आर्थिक सहयोग लिनु परेन । तथापि उनको उपचारमा लागेको खर्च सामान्य नेपाली परिवारका लागि जीवनभरको कमाई पनि हुन सक्दछ । भन्नुको अर्थ देवकोटाभन्दा निम्न आय भएका परिवारमा क्यान्सरले आर्थिक तवरमा निकै विनाशकारी असर गर्दछ ।

उनको कथा धेरै सूर्तिजन्य पदार्थ उपभोक्ताहरूका लागि महत्वपूर्ण पाठ हुनुका साथै वर्तमान क्यान्सर बिरामीहरूका लागि प्रेरणा पनि हो । उनले सूर्तिजन्य पदार्थ सेवन गर्नेहरूलाई यस्तो घातक पदार्थको त्याग गर्न सुझाव पनि दिएका छन् । उनले जोड दिँदै भनेका थिए,

**"क्यान्सरले ज्यान र धन र समय सबै नष्ट गर्दछ ।"**

# निचोड

सूर्तिजन्य पदार्थको सेवन नेपालमा जन स्वास्थ्य समस्याका रुपमा बढ्दैछ । नेबिअप्रको अध्ययन लगायत बिभिन्न अध्ययनहरुका अनुसार नेपालमा सूर्तीजन्य पदार्थको प्रयोगदर उच्च छ र नयाँ पुस्ताका युवाहरुमाफ पनि बढ्दो नै छ । यो समस्यालाई रोक्न कडा राजनीतिक र सामाजिक प्रयासको खाँचो छ । सूर्तिजन्यको प्रयोग मानव स्वास्थ्यको लागि हानिकारक छ । सूर्तीजन्य पदार्थका कारण लाग्ने रोगले सूर्तीजन्य पदार्थ सेवनकर्ता र उनीहरुका परिवारको शारीरिक र मानसिक स्वास्थ्य र आर्थिक स्थितिमा नकारात्मक असर गर्दछ । विशेषगरी क्यान्सरले व्यक्ति र परिवारहरुमा ठूलो शारीरिक, भावनात्मक र आर्थिक तनाव सृजना गर्नसक्छ। क्यान्सरका बिरामी र त्यसबाट बचेका व्यक्तिहरुका कथाहरुले सूर्तीजन्य सम्बन्धी रोगहरु, विशेष गरी क्यान्सरले गर्ने नकारात्मक असर पुष्टि गर्दछ । यस दस्ताबेजमा प्रस्तुत गरिएका क्यान्सरका बिरामी र क्यान्सरलाई पराजय गरिसकेका बिरामीको कथाहरुमा दर्शाइएका सूर्तीजन्य पदार्थले हुने रोगहरु विशेष गरी क्यान्सरले पार्ने नकारात्मक असरहरु समाजका ऐना हुन् । तसर्थ, कर वृद्धि गरी सूर्तीजन्य पदार्थको खपतलाई घटाउनु नेपाल सरकारको प्राथमिकता हुनुपर्दछ ।

थप जानकारीका लागि नेपाल बिकास अनुसन्धान प्रतिष्ठानको आगामी नीतिगत सारांशहरू पढ्नु होला ।

- ❑ "नेपालमा सूर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन ऐन कार्यान्वयनः नीति समीक्षा"
- ❑ "सूर्तीजन्य पदार्थको नियन्त्रणः नेपाल र भारतको तुलनात्मक अनुभव"
- ❑ "नेपालमा सूर्तीजन्य पदार्थ उपयोगको आर्थिक लागतको बुझाई"
- ❑ "धूम्रपानलाई धुँवारहित सूर्तीजन्य पदार्थले प्रतिस्थापन हुने सम्भावना"

यसका साथै सूर्तीजन्य पदार्थ उपभोगको असर सम्बन्धी समीक्षागत दस्तावेज पनि पढ्नुहोला ।

**नेबिअप्र को सूर्तीजन्य पदार्थ नियन्त्रण कार्यक्रम सम्बन्धी थप जानकारीको लागि**
http://www.ndri.org.np/tobacco-control-program/

NDRI


**Nepal Development Research Institute**

नेपाल विकास अनुसन्धान प्रतिष्ठान

Pulchowk, Lalitpur, P.O. Box: 8975, EPC 2201, Kathmandu, Nepal

Tel: +977-1-5554975, 5537362 Fax: +977-1-5537362 E-mail: info@ndri.org.np

Web: www.ndri.org.np